*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६१
नेपाल सम्बत् ११३७
इस्वी सम्बत् २०१७
बिक्रम सम्बत् २०७४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly
**9th JUNE 2017**

| वर्ष- ३५ | अङ्क- २ | ज्या: पुन्हि | जेठ २०७४ |
|---|---|---|---|





जीर्ण भएर जाने यो शरीर, रोगको घर भइरहेको यो शरीर, कुहिएर भग्न जाने यो शरीर, बाँचिरहेका सबै प्राणी एकदिन अन्त्य हुनुपर्ने छ ।

सर्वदा रागादि–अग्नि दन्किरहेको यस लोकमा के हाँस्नु ? के आनन्द लिनु ? अन्धकारले छोपीसके को छ तैपनि तिमीले प्रकाश खोज्नु पर्दैन ?

हाडको नगर बनाई त्यसमा मासु र रगतले लेपन गरिराखेको छ, जुन स्थानमा मृत्यु, अभिमान र कपट आदि लुकिरहेको छ ।

राम्ररी सुशोभित गरिराखेको राजाको रथ जीर्ण भएर गए जस्तै यो शरीर जति रक्षा गरि राखे पनि जीर्ण भएरै जानेछ । तर तथागतको सत्य धर्म जीर्ण भएर जाँदैन भनी सन्तजन र पण्डितजनले भन्ने गर्दछ ।

Downloaded from http://www.dhamma.digital

▪ सम्पादकीय ▪

# गृही जीवन असल बनाउने केही विधिहरु

भगवान् बुद्धले गृहस्थ जीवन असल र सुखमय बनाउनका लागि विभिन्न विधिहरू बताउनु भएको छ । ती मध्ये केही विधिहरू यसरी छन्–

१) गृहस्थ जीवन बिताइरहेका व्यक्तिहरूले आफ्नो परिवारका सदस्यहरू बिच परस्पर मेलमिलाप गरी प्रत्येक व्यक्तिले आ–आफ्नो कर्त्तव्य इमान्दार पूर्वक पालन गर्न अत्यावश्यक छ ।

२) श्रीमान्ले आफ्नो श्रीमती प्रति र श्रीमतीले आफ्नो श्रीमान् प्रति विश्वास पात्र बन्न सक्नुपर्दछ। श्रीमान्ले आफ्नो श्रीमती बाहेक अन्य स्त्रीको मोहमा नभुल्ने र श्रीमतीले आफ्नो श्रीमान् बाहेक अन्य पुरुष व्यक्तिको मोहमा नभुल्ने हुनुपर्दछ ।

३) मीठा, मिष्ठान्न खानेकुराहरू खाने समयमा आफ्ना जहान परिवारहरूलाई पनि सम्झेर बाँडीचुँडी खाने बानी बसाल्नु पर्दछ । यसरी गृही जीवनमा परिवारका सदस्यहरू बीच भित्री मन देखि सुमधुर सम्वन्ध कायम भइरहनु पर्दछ ।

४) परिवारका हरेक सदस्यमा कर्म र कर्मफलको विषयमा राम्रो जानकारी हुनुपर्दछ । अर्को शब्दमा भन्ने हो भने आफूले राम्रो नियतले गरेको कुरा र कामको फल आफैंले भोग्नु पर्नेछ । र आफूले स्वार्थपूर्ण चित्तले गरेको कुरा र कामको दुषित फल पनि आफैंले भोग्नुपर्दछ भन्ने विषयमा विश्वास हुनु अत्यावश्यक छ ।

५) पञ्चशीलको पाँचवटा नियमहरू गृही जीवन सफल पार्ने सदाचार नियम हुन् । हत्याहिंसाको भावना नुहुनु, स्वार्थपूर्तिको लागि झूठो कुरा, चुक्ली कुरा, काम नलाग्ने वकवास र कडा वचन प्रयोग नगर्ने, अरूको चीजवीज र सम्पत्ति उनीहरूको अनुमति विना प्रयोग नगर्ने र नलिने, ब्यभिचार जस्तो कुकर्महरू नगर्ने, आफ्नो शरीर र मन बेहोश हुने पदार्थको सेवन नगर्ने आदि राम्रा बानीहरूको जसले अभ्यास गर्छ, उसको जीवन शान्ति र सुखमय बन्दै जानेछ ।

६) धन सम्पत्तिले सम्पन्न र विद्वान हुँदैमा घमण्डी र अभिमानी व्यवहार प्रयोग नगर्ने । यस्तो स्वभावले पतनतर्फ लाने गर्छ ।

७) सकेसम्म प्रिय वचनको प्रयोग गर्नुपर्छ । नरम बोलीले कुरागर्दा पनि नटेर्ने खालका अट्टेरी व्यक्तिलाई कहिले काहिं कडा वचन पनि प्रयोग गर्नुपर्ने हुन्छ । तर कडा वचन प्रयोग गर्ने अवस्थामा पनि उक्त व्यक्तिको लागि भलो सोचेर नै उक्त वचन प्रयोग गर्न सक्नुपर्दछ । यसरी लातको मान्छे वातले बुझ्दैन भन्ने अवस्थामा कहिले काहिं हामीले अलि कडा मिजास पनि प्रयोग गर्नुपर्ने वाध्य अवस्था पनि आइपर्दछ ।

८) आफ्ना हितैषी मित्र र नाता कुटुम्वहरूलाई समय समयमा निमन्त्रणा गरी खुवाउने, पिलाउने कार्य गरी आफूले सक्दो सेवा र मद्दत गर्ने कार्य पनि गर्दै जानुपर्दछ । जति जति यस्तो उद्धार चित्तले कार्य गर्दै जानसक्छ, त्यति नै आफ्नो जीवनले प्रगतिको मोड लिंदै जानेछ ।

९) आफ्नो घरका कार्यहरूलाई यथा समयमा नै ध्यान दिई सम्पन्न गर्ने जस्तो सक्रिय रहने बानी भएका मेहनती व्यक्तिहरूको जीवनमा बाधा अड्चनहरू कम नै हुनेछ । समस्याहरू हट्दै जानेछ ।

१०) कहिले काहिं आफ्नो घरमा आउनुहुने गुरु, भिक्षु, भिक्षुणीहरू लगायतका पूज्य संघलाई श्रद्धापूर्वक उदार चित्तले दान प्रदान गरी आदर सम्मान गर्नसक्नु गृही जीवनको असल कर्त्तव्य हो ।

११) आफूभन्दा ज्ञानगुणले उच्चस्तरमा रहनुभएको पूज्य व्यक्तिहरूबाट ज्ञानगुणका कुराहरू सुनी, आदर, सत्कार गर्न सक्नु र छलफल गर्ने बानी बसाल्नु, भाग्योदय हुने मंगल सूचक कार्य हो ।



Downloaded from http://www.dhamma.digital

# धर्म भनेको के हो ? भाग-२

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

*(पूज्य गुरूजी श्री सत्यनारायण गोयन्काजीद्वारा महाराष्ट्रको प्रख्यात शहर नासिकमा रहेको "रमाबाई आंबेडकर गर्ल्स हाई स्कूल" मा सन् १९९८ मा दिनु भएको धारावाहिक प्रवचनको दोस्रो भाग)*

मानिस दुःखको जीवन जिउन चाहँदैन। तर पटक-पटक आफ्नो मनमा विकार बनाई रहेको हुन्छ, पटक-पटक व्याकुल भईरहेको हुन्छ किनभने उसले जानेकै छैन कि कसरी दुःखी नहुने ? कुनै विषयमा सोच्दैछ भने त्यस विचारको साथ साथै विकार पनि बनाईरहेको हुन्छ। बलेको आगोमा घ्यू थपिए झैं, आफूले भित्र के गरिरहेछ होश नै हुँदैन।

प्रवचन मात्र सुनेर केही हुँदैन। मैले पनि आफ्नो जिन्दगीको धेरै वर्ष यस्तै उपदेश-प्रवचन सुनेर नै बिताएँ। प्रवचन सुन्ने र सुनाउनेमा धेरै समय खर्च गरें। हो यसबाट केही ज्ञान पाईन्छ जस्तो श्मशानमा कोही साथीको लाश चितामा बलिरहेको देखेर प्रायः सबैको मनमा एक दिन मेरो लाश पनि यसरी नै जलाउने छ, आखिरमा लानु केही छैन, धन सम्पत्ति भनेको सबै छोडेर जानु पर्छ, किन म 'मेरो' भन्ने, किन अहंकार गर्ने आदि आदि विचार आउँछ। यो श्मशानको ज्ञान हो। त्यहाँबाट एक पाईला पर पुग्ने बित्तिक्कै 'म-मेरो' 'तँ-तिम्रो' शुरू भईहाल्छ। सबै कुरा बिर्सिसक्छ। किनकि यो कुरा बुद्धिद्वारा थोरै समयसम्मको लागि बुझ्ने कुरा हो।

त्यस्तै यी धर्म सभामा यदि बुद्धि खेलाउन, बुद्धि-बिलास वाणी विलासको लागि आएको भए यसबाट केही प्राप्त हुँदैन। म यो कुरा आफ्नो अनुभवले भन्दैछु, हजारौं मानिसहरूको अनुभव यस्तै हो। केही समयको लागि कुरा राम्रो लाग्छ, यो कुरा त ठीक हो जस्तो लाग्छ। आफ्नो मनलाई विकार विमुक्त गर्नुपर्छ, मनमा विकार छ भने व्याकुल हुन्छ। मनमा सद्भावना जाग्नु पर्छ, सद्गुण जगाउनु पर्छ। आफू पनि प्रसन्न हुनु पर्छ, अरूलाई पनि प्रसन्न पार्नु पर्छ। यी सबै कुरा राम्रा हुन् तर थोरै समयको लागि मात्र, केही बेर पछि त जस्तोको त्यस्तै बन्न पुग्छ।

यस्तो स्वभाव बदल्नको लागि के गर्नुपर्‍यो ? बाहिर-बाहिरको तरिकाले केही राहत दिन्छ। मनलाई कुनै भजन-कीर्तन, जप गर्नु अथवा कुनै कर्म काण्डमा अथवा धर्म सभामा प्रवचन सुन्नतिर लगायो भने थोरै भएपनि शान्ति पाउँछ। केही बेर मनलाई असल काममा लगाउँदा राम्रै हुन्छ, फेरि पछि के हुन्छ ?

हाम्रो मनको माथिल्लो भाग जसलाई परित्त चित्त भनिन्छ, यो साह्रै सानो चित्त हो। यस चित्तलाई राम्रो काममा र नराम्रो काममा लगाउन सकिन्छ, यसबाट परित्त चित्तलाई केही फरक पर्दैन। तर अन्तरमन, जसको क्षेत्र धेरै ठूलो छ, यस चित्तसम्म यी सन्देश पुग्न नै पाउँदैन। जुन काम गरिरहेका थियौं, त्यो माथिल्लो चित्तसम्म मात्र नै सिमित रहन्छ, भित्रको चित्त जस्ताको त्यस्तै हुन्छ। मनको विपरित काम हुने बित्तिकै द्वेष, द्रोह, दुर्भावना जाग्न थाल्छ र मनले चाहेको काम हुने बित्तिकै आसक्ति, राग आदि जाग्छ। यो अन्तरमनको स्वभाव हो। मन पर्ने काममा राग र आसक्ति जगाउनु, मन नपर्ने काममा द्वेष र दुर्भावना जगाउनु धेरै जन्म अघि देखिको स्वभाव हो। सायद कतिपयले पहिलाको जन्मलाई मान्दैन होला तर यस जन्मलाई त मान्नु हुन्छ होला। सानै उमेरदेखि यस्तै स्वभाव बन्न गयो कि मनचाही होश अथवा अनचाही मन विकार बनाउँदै रहन्छ, व्याकुल बन्दै रहन्छ मन पर्ने भएपनि विकार बनाउँछ, मन पर्ने भएन भने पनि विकार बनाउँछ। आफैलाई व्याकुल बनाउँछ। यस्तो त यसै जीवनमा भईरहेछ। यसबाट बाहिर निस्किनु पर्‍यो।

सन् १९९६ मा जब बर्मा देशबाट यहाँ आएँ, त्यसको दुई-तीन वर्षको बिचमा महात्मा गान्धीको आश्रम "सेवाग्राम" वर्मामा एउटा शिविर सञ्चालन गरियो। केही मानिसहरूले त्यहाँसंगै पवनारमा सन्त विनोवा भावे रहनु हुन्छ, उहाँसंग भेट्न आग्रह गरे। म भारतमा नयाँ थिएँ। उहाँको नाम सुनेको थिएँ, त्यसैले भेट्ने मन भयो। भेटें कुराकानी भयो, मैले भने विपश्यना भारतको अत्यन्त पुरानो विद्या हो। उहाँले भन्नुभयो– हो, यो त अत्यन्त पुरानो विद्या हो। ऋग्वेदमा यस्तो उल्लेख भएको सुनाउनु भयो र लेखेर दिनुभयो। ऋग्वेदमा भनिएको छ–

**यो विश्वाभि विपश्यति भुवना।**
**सं च पश्यति, स नः पार्शदति द्विषः।**

'**यो विश्वाभि विपश्यति**' – जस्ले विपश्यना गर्छ।



Downloaded from http://www.dhamma.digital

विपश्यना कसरी गर्छ – जो विश्वको अभिमुख भएर गर्दछ। हजारौं वर्षमा शब्दको अर्थ बदलेर जान्छ। आजकल त विश्व बाहिरको संसारलाई भनिन्छ । यो एउटा अर्थ भयो । तर यहाँ यस्को अर्थ बढ्दै जानु हो । जब हेर तब विकार फैलिंदै छ। विकार बन्दैछ। जब भित्र विकार बन्छ तब केवल एक क्षणको लागि बन्दैन । विकार बढ्दै जान्छ, बढ्दै जान्छ । रिस उठेपछि घण्टौंसम्म एउटै कुरामा मन लागिरहन्छ। त्यस्तै वासना जाग्यो भने पनि घण्टौं... । भय जाग्यो, अहंकार जाग्यो भने पनि बढ्दै-बढ्दै जान्छ। फैलिदै फैलिदै जान्छ । यसको अभिमुख भएर विपश्यना गर्दछ मतलब भित्र के उत्पन्न भईरहेकोछ त्यसको जानकारी राख्दै सम्यक रूपले विपश्यना गर्दछ अर्थात् जस्तो छ त्यस्तै जान्दछ । क्रोध छ भने क्रोध छ भनेर जान्दछ । क्रोध छ भने त्यसलाई हटाउने प्रयास गर्दैन । जो व्यक्ति प्रति क्रोध जागेको छ । त्यसलाई सम्झिन थाल्यो भने त क्रोध झन् बढ्छ । बस मेरो मनमा यस समय क्रोध जागेको छ, दुर्भावना जागेको छ भनेर थाहा पाउनु। यसरी थाहा पाउनु नै विपश्यना हो, सम्यक रूपले हेर्नु हो तब **“स नः पर्शदति द्विषः”** – त्यस्तो व्यक्ति नै सारा द्वेषबाट पर पुग्दछ । यस्तो मानिसमा द्वेष, दुर्भावना रहँदैन । कुनै विकार टिक्न पाउँदैन ।

ओहो, यस्तो पुरानो विद्या तर कुरै मात्र बाँकी रह्यो, गर्ने काम बिर्सियो त्यसैले आज भन्दा २६०० वर्ष पहिला एकजना महापुरुषले यस विद्यालाई खोजी निकाल्नु भयो तब भन्नुभयो–

**पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि... ।**

मैले पहिला कहिल्यै सुनेको नै थिएन, यस्तो धर्ममा मेरो ज्ञानको आँखा, प्रज्ञाको आँखा खुल्यो । कहिल्यै सुनेको नै थिएन । उनको बुबाले त त्यस समयको सबै धार्मिक साहित्य पढाएका थिए । ऋगवेद पनि पढाएका थिए, ती ऋचा पनि आयो होला तर अनुभवमा कसरी उतार्ने, कसरी धारण गर्ने बिर्सियो । अब यो एक मन्त्रको रूपमा रह्यो यो मन्त्र जप गर्नु विकार हट्छ भनियो । जप गर्नाले विकार कसरी हट्छ। आफू भित्र जागेको बिकारलाई अनपेक्ष भएर जस्तो छ त्यस्तो हेर्न थाल्यो भने त्यस्को स्वभाव स्पष्ट हुन थाल्छ। तर यस्तो हेर्ने विद्या नै बिर्सियो ।

भित्र हेर्ने यस्तो विद्या हाम्रो देशबाट हरायो । फेरि यो विद्या एक पटक जागेको छ, ५०० वर्षसम्म यो विद्याले सबैलाई कल्याण गरेको थियो तर महाराष्ट्रमा यो विद्या २०० वर्ष बढी कायम रह्यो, यो प्रदेशमा करीब ७०० वर्षसम्म यो विपश्यना विद्या कायम रह्यो। मानिसहरूले यसको लाभ उठाइरहे। यहाँको यति धेरै गुफाहरू एक समय विपश्यना गर्न प्रयोग गरिन्थ्यो । तपश्या गर्ने गुफा थिए । विस्तारै कर्मकाण्डमा बढलियो। धर्म विस्तारै लुप्त हुँदै गयो ।

धर्म के हो भन्ने बुझौं ? आफ्नो चित्तलाई कसरी निर्मल गर्ने ? यही धर्म हो। चित्त निर्मल हुन थाल्यो भने


# भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

भगवान् बुद्धको मौलिक शिक्षा हासिल गर्न थेरवाद बुद्धधर्ममा एम.ए. अध्ययन गर्नुहोस् ।
अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको अध्यक्षतामा स्थापित यस **थेरवाद बुद्धिष्ट एकेडेमी**ले लुम्बिनी बौद्ध विश्वविद्यालसँग सम्बन्धन प्राप्त गरी गत ५ वर्षदेखि थेरवाद बुद्धधर्ममा स्नातकोत्तर तहको कक्षा सञ्चालन गर्दै आएको छ ।
परीक्षामा प्रथम, द्वितीय हुने विद्यार्थीलाई छात्रवृत्ति पनि प्रदान गर्दै आएको छ ।

भर्ना हुने समय : **२०७४ जेष्ठदेखि श्रावणसम्म**
भर्ना हुन योग्यता : **मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण ।**
कक्षा संचालन : **२०७४ श्रावणदेखि**
समय : **विहान ६:३० देखि ९:०० बजे सम्म**
स्थान : **थेरवाद बुद्धिष्ट एकेडेमी, विश्वशान्ति विहार, मीनभवन, काठमाडौं, तीनकुने पुलस'गै ।**
सम्पर्क : ९८४११७४७२०, ९८४१९३४२८३
website: theravada.edu.np




Downloaded from http://www.dhamma.digital

धर्म आचरणमा उत्रिन थाल्छ। जब-जब आफ्नो मन मैलो गर्छ तब-तब मैलो मनले गरेको बोली वा शरीरको कुनै काम गलत हुन पुग्दछ, सही हुन सक्दैन दुराचार नै दुराचार हुन पुग्छ। जब मन निर्मल हुन्छ तब हामीले आफ्नो वाणी र शरीरबाट हुने कर्मको बारेमा कुनै चिन्ता गर्नु पर्ने छैन। ती आफै राम्रो हुनेछन्। किनकि हामीले हाम्रो मनलाई पहरा लगाएको छ कि मन अब मैलो हुन नै पाउँदैन। मन विकार विहीन गर्ने काममा लागेको छ। त्यसको परिणाम आफै आउनेछ, जीवनमा प्रभाव पर्नेछ। जीवनमा सुख नै सुख, शान्ति नै शान्ति हुनेछ। कुनै चमत्कार होइन, काम गर्नु पर्छ।

कोही दश दिनको शिविरमा बसिसके पछि भन्छन्– "मैले बुझें, अब मलाई क्रोध आउँदैन, द्वेष आउँदैन.....; अहिले समय भएको छैन। अहिले त यो विद्या सिक्दैछौं, यसलाई प्रयोगमा ल्याउनेछौं, व्यवहारमा ल्याउनेछौं, तब परिवर्तन भएको देख्नेछौं। परिवर्तन त अवश्य हुनु पर्छ। *क्रमशः*

*(साभार- 'विपश्यना' वर्ष-३३, अङ्क-१२, २०७३ चैत्र)*

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

*क्र.सं. ८६१*

**हरि गोबिन्द भोमी**

रू. २०००।–

*क्र.सं. ८६२*

**पूर्णदेवी शाक्य**

कटुबहाल, चाबहिल, काठमाडौं।

रू. २०६९।–

*क्र.सं. ८६३*

**पुष्परत्न शाक्य**

कालिमाटी

रू. २०००।–

*क्र.सं. ८६४*

**रविन्द्र वज्राचार्य**

रत्नकीर्ति महाविहार, गैह्रीधारा

काठमाडौं।

रू. २०००।–

*क्र.सं. ८६५*

**राष्ट्रमान तुलाधर**

ठमेल, हाल लाजिम्पात

रू. २०००।–

## ध्यानकुटी मैत्री केन्द्रलाई सहयोग गर्ने दाताहरूको नामावली

१) बुद्धिप्रभा तुलाधर परिवार लाजिम्पाटबाट भन्तेहरू तथा बालिकाहरूलाई लाई भोजन प्रदान साथै बालिकाहरूलाई टीसर्ट तथा रु. ५०००/- प्रदान।
२) संकर मान बैद्य, सानेपाबाट रु. २५००/-
३) निलिशा तुलाधर, त्यंगः काठमाडौंबाट जन्मदिनको उपलक्ष्यमा रु. २०००/-
४) प्रियन्का तुलाधर, त्यंगः काठमाडौंबाट रु. २०००/-
५) श्रृजला स्थापित, दि. ज्वालादेवी स्थापितको पुण्यस्मृतिमा रु. २०००/-
६) नरेन्द्र कंशाकार दिल्ली कमल कंशाशकार, नरलेवी, दि. दान रत्न कंशाकारको पुण्यस्मृतिमा रु.२०००/-
७) नानी मैया गुरुङ्ग जोरपाटीबाट शान्ति घले र जयराम गुरुङ्गको जन्मदिनको उपलक्ष्यमा रु. २०००/-
८) भिक्षु पियदस्सि तथा भिक्षु सरणंकरको उपसम्पदा दिवसको उपलक्ष्यमा भन्तेहरू तथा बालिकाहरूलाई भोजन तथा रु. १५००/- प्रदान।
९) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रु. १०००/-
१०) ज्ञान दर्शन उदास, थसिखेल, ललितपुरबाट रु. १०००/-
११) चन्द्र बहादुर मानन्धर, कोसाल टोल, बनेपाबाट रु. १०००/-
१२) राकेश शाक्य, बनेपा रु. ५००/-
१३) प्रेमज्योती शाक्य, बनेपा रु. ५००/-
१४) बुध्द भक्त रंजित, बनेपा रु. ५००/-
१५) प्रबिन्द्र राज तुलाधर, भोटाहिटी रु. ५००/-
१६) निर्मला तुलाधर, बिजेश्वरी, काठमाडौंबाट बालिकाहरूलाई स्कूल ब्याग प्रदान।
१७) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान।
१८) सरिता शाक्य, बनेपा, छोराहरू युनेश शाक्य, रुपेश शाक्यको जन्मदिनको उपलक्ष्यमा खाद्यान्न प्रदान।
१९) बिद्या मानन्धर परिवार, बालाजुबाट स्व. कमल कुमार मानन्धरको पुण्यस्मृतिमा भोजन प्रदान।
२०) हसिना शाक्य, बुद्धनगरबाट बालिकाहरूलाई टीसर्ट प्रदान।
२१) Women Empowerment Group, Kathamandu, donation Rs.1500/-, Solar Dryer & Warm keeper
२२) प्रगती पुस्तक, बनेपाबाट बालिकाहरूलाई खेलकूद सामग्री तथा स्टशनरी सामगी प्रदान।
२३) चिनी हेरा तुलाधर परिवार, हारती होटेल, क्षेत्रपाटी दि. जगतधर तुलाधरज्यूको पुण्यस्मृतिमा भोजन प्रदान।
२४) बाबुराजा कंशाकार, निर्मला कंशाकार, बुरांख्योः जन्मदिनको उपलक्ष्यमा भोजन प्रदान।
२५) श्याम सुन्दर श्रेष्ठ बनेपाबाट लन्डनमा बस्ने छोरी बन्दना श्रेष्ठकी छोरी उपासना श्रेष्ठको जन्मदिनको उपलक्ष्यमा खाद्यान्न प्रदान।

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

२६) चिनी हेरा तुलाधर परिवार, हारती होटेल, क्षेत्रपाटी दि. जगतधर तुलाधरज्यूको पुण्यस्मृतिमा रु. २१,५००/-
२७) सुरेन्द्र तुलाधर परिवार, गैरीधारा दि. अजि मोतीशोभा तुलाधर, दि. अमा दुर्गा लक्ष्मी तुलाधरको पुण्यस्मृतिमा रु. २०,०००/-
२८) दिनेश रत्न, अशोक रत्न, रमेश रत्न, राजेश रत्न, बिमला बज्राचार्य, चुनदेवी, महाराजगंजबाट दि.बुबा चिनिया रत्न बज्राचार्यको पुण्यस्मृतिमा रु. २०,०००/-
२९) अञ्जना तुलाधर परिवार, गैरीधारा छोरी पलिस्था तुलाधरको जन्मदिनको उपलक्ष्यमा रु. १५,०००/-



Downloaded from http://www.dhamma.digital

# पारमिता

✍ **आचारो श्रामणेर (मोहन श्रेष्ठ)**

पारमिता भनेको अर्थ पूर्णता भनी जनाउँछ। अर्थात् पूर्णता, उच्चतम गुणको शिखर हो । सागर, महासागर तर्नुलाई पार भनिए जस्तै महासागर रुपी संसार बन्धनबाट पार गर्ने अवस्थालाई निर्वाणको संज्ञा दिईएको छ। त्यही निर्वाणको गन्तव्यसम्म पुग्ने जुन बाटो छ अथवा माध्यम छ, त्यसैलाई पारमि भनिन्छ । यसरी पारमि पूरा गरी कुशल चर्या गर्नु नै पारमिता हो ।

सांसारिक बन्धनबाट पारको अवस्थालाई निर्वाणको संज्ञा दिईएको छ । संसार रुपी सागरको पार निर्वाण भएकोले निर्वाण पुग्ने गुणधर्मको अर्थले पनि यसलाई पारमि भनिएको हो । अर्को शब्दमा भन्ने हो भने "**सम्बोधि सख्यात**" पार जानलाई र उपकार हुने गुणधर्मलाई पारमी भनिएको हो। चरिया पिटक अर्थ कथा अनुसार तृष्णा, मान, दृष्टि मिश्रित नभएको, क्लेश धमिलो नभएको, करुणा र कौशलद्वारा सुरक्षित भई दान शील आदिलाई पनि पारमी भनिन्छ । पारमिरुपी कुशल बोधि निर्वाण तिर लाने रथ समान हुन्छ । अरुलाई अनुकम्पा राख्नु, दया गर्नु पारमिताको लक्षण हुन् । परोपकार गर्नु पारमिताको रस (कृत्य) हो । आफ्नो श्रमले प्राणी प्रति अनुकम्पापूर्ण हृदयले र प्रज्ञापूर्ण दृष्टिकोणले गरिने परोपकार चर्या नै बोधिसत्त्वको क्रिया हो ।

पालि टेक्स अनुसार बोधिसत्त्वको गुण नै पारमिता हो। बुद्ध कारक धर्म नै पारमिता हो। बोधिसत्त्व चर्याको आधारशिला नै पारमिता हो। त्यसैले सम्बोधिमा पुग्नुको मेरुदण्ड अर्थात् सिंढी नै पारमि हो । पारमि विना कुनै पनि बोधिसत्त्व बुद्ध हुन सक्दैन। यो ध्रुव सत्य हो। सम्यक् सम्बोधि हुन सम्पूर्ण पारमिता पूरा गर्नु पर्छ । तर अर्हत् हुन पारमि पूरा गर्नु पर्छ भन्ने छैन । सुमेध ऋषि आफ्नो जीवन कालमा अर्हत् हुने क्षमता भए पनि बुद्ध हुने इच्छाले बुद्धत्वको प्रार्थना गरी पारमिता पूरा गर्ने प्रतिज्ञा गर्नु भयो ।[१]

विभिन्न बौद्ध विद्वानहरूले पारमिताको परिभाषा यसरी दिनु भएको छ। - डा. भदन्त आनन्द कौशल्यायनले "पारमिता" को अर्थ सम्पूर्णता गुणको पराकाष्टा भनेको छ। डा. हरदयालले पारमिताको अर्थ परिपूर्णता भनिएको छ । टी.डब्लु.राइस डेविड र डब्ल्यु स्टेडले पारमिताको अर्थ सम्पूर्णता (Completeness) पूर्णता (Perfection) र उच्चतम अवस्था भनेर अर्थ दिएका छन्। त्यस्तै बौद्ध पालि साहित्यकामहान् व्यक्तित्व राइस डेविडले पारमितालाई यसरी व्यक्त गरेको छ – पूर्णता, कुशल चित्तको सम्पूर्णता नै पारमिता हो । बोधिचर्यावतार ग्रन्थअनुसार चित्तको उत्सर्ग प्रवृत्तिलाई नै पारमिता भनिएको छ ।[२]

पारमिता बोधिसत्त्व चर्याको आधारशिला हो । पारमिताको पूर्ति विना बोधिसत्त्वले बुद्धत्त्व प्राप्त गर्न असम्भव छ । यो पारमिताहरू पूर्ण भए पछि नै बोधिसत्त्वले सम्यक् सम्बोधि प्राप्त गर्दछ। पालि साहित्यमा बोधिसत्त्व यी पारमिताहरू पूर्ण गर्नको लागि अनेक जन्म ग्रहण गर्दछ। र ती जन्महरूमा पूर्ण रुपमा पारमिताहरूको मार्गमा गएर अनेक सद्‌गुणको संग्रह गर्दछ । पालि साहित्यमा पारमितालाई बुद्ध कारक धर्म पनि भनिन्छ। किनभने पारमिताले नै बुद्धको पृष्ठभूमि तयार गर्दछ। पार मितालाई बुद्धत्व रुपी डुङ्गा पनि भन्दछन्। पारमितालाई बुद्धत्त्वसम्म जाने भऱ्याङ्ग पनि भन्दछ। जसवाट बोधिसत्त्व त्यो उच्चत्तम शिखरमा पुग्दछ । बोधिसत्त्व यी सवै पारमिता पूर्ण गर्न अनेक जन्म लिएर कल्पौं वर्ष पछि बुद्ध बन्दछ। बोधिसत्त्वको यी अनेक जन्मको कथाहरू जातक कथाहरूमा समावेश गरिएको छ ।[३]

बुद्ध, प्रत्येक बुद्ध र श्रावक बुद्ध हुनलाई दश पारमिता अर्थात् दश गुण धर्म अनिवार्य छन् भन्ने कुरा बौद्ध साहित्यमा उल्लेख भएको पाइन्छ। यी तीन बोधि मध्ये आफूलाई स्वीकार्य एउटा बोधि प्राप्त गर्नको लागि संसार वन्धनबाट मुक्त भएको निर्वाणको प्रार्थना गरी कुशल चर्या गर्नु नै पारमिता धर्म हो ।

---

१ भद्दन्त सावंगी, मेधंकर, पालि वाङ्मय मे बोधिसत्व के सिद्धान्त, नागपुर, बुद्ध भुमि प्रकाशनः इ.स. १९९२, पृष्ठ १३६ ।

२ ऐजन, पृष्ठ १३७ ।

३ एजेन, पृ. १३६ ।



Downloaded from http://www.dhamma.digital

यथार्थतः पारमिता भनेको करूणाले भरिएको स्वच्छ, शीतल हृदयले पूरा गर्नु पर्छ। फेरि त्यस अवस्थामा पर-जनबाट क्रोध, इर्ष्या आदि जे जस्ता अप्रिय व्यवहार प्रदर्शन गरेता पनि अखण्ड रुपले आफ्नो कार्य गर्दै लानु पर्छ। तव मात्र ऊ सफल हुन्छ।

बोधिसत्त्वले जो सुकै संग पनि जहिले पनि हितैषी भाव देखाउँदछन्। आफू अरु, उँच नीच, सम असम, भेदभाव नराखी विश्व नै आफ्नो परिवार जस्तै गरी आफ्नो हित सुखको वास्ता नगरी अर्काको हित सुखको कामना गर्दछ। यही कामना नै पारमिताको लक्षण हुन्। यस्तो पारमिता बोधिसत्त्वहरूले दान शीलादि गरी दश वटा पार गर्दछन् जसलाई दश पारमिता भन्दछन्।

दश पारमिताको अभ्यासमा बोधिसत्त्व स्वयं आफ्नो निजी स्वार्थको लागि केही गरिन्दैन। बोधिसत्त्व अरूको उपकार गर्ने भावनामा ओतप्रोत हुन्छ। यस भावनामा कुनै पनि कंपन नभइ रसले भरिएको हुन्छ। अरुको सेवा गर्नु नै उसको गुण हो।[४] बुद्धको महान् आदर्श र श्रेष्ठतम चरित्रको पृष्ठभूमि नै पारमिता गुण धर्महो। यही आदर्शमय जीवन र श्रेष्ठतम चरित्रले गर्दा बुद्ध यस धरतीमा प्रसिद्ध भएका हुन्। आज उनी विश्वमा एकजना महान् दार्शनिक रुपमा, मानवजगत्को महान् पुरुषको रुपमा र शान्तिका महा नायकको रुपमा प्रख्यात छन्। त्यसैले शाक्य मुनि बुद्ध विश्वको ज्योति हुन्।

**दश पारमिता निम्न प्रकारका छन्** –

१) दान पारमिता - त्याग,
२) शीलपारमिता - नैतिक गुण,
३) नैश्क्रम्य पारमिता - अनाशक्ति, वैराग,
४) प्रज्ञा पारमिता - यथार्थ ज्ञान,
५) वीर्य पारमिता - उत्साह,
६) क्षान्ति पारमिता - सहनशीलता,
७) सत्य पारमिता - यथार्थ वचन,
८) अधिष्ठान पारमिता - प्रतिज्ञा,
९) मैत्री पारमिता - समताभाव, समानभाव र
१०) उपेक्षा पारमिता - मध्यस्थता, तथस्तता।

यी दश पारमिता, दश उपपारमिता र दश परमत्थ पारमिता गरी तीस पारमिता हुन्छ। सम्यक् संम्बुद्ध हुनलाई यी तीस पारमिता गुण धर्म पूरा गर्नु पर्छ। यस्तो महान् गुण पारमिता पूरा गर्न उपाय र कौशलता बलियो र दरिलो हुनुपर्छ। ❖

४ भिक्षु कुमार काश्यप, दश पारमिता, बुद्ध विहार, भृकुटि मण्डप, सुखि होतु नेपाल, वि.सं २०५८, पृ १।

## धर्मकीर्ति पत्रिकालाई सहयोग

उपासिका माणिक लक्ष्मी तुलाधर, न्यत (हाल ताहाचल)ले धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगति कामना गर्नुभई रु. ५०००/– चन्दा सहयोग प्रदान गर्नुभएको छ।

धर्मकीर्ति पत्रिकाले दाता उपासिकाको यस सहयोगलाई साधुवाद व्यक्त गर्दै उहाँको पनि आयु आरोग्य निरोगी एवं आध्यात्मिक शान्तिको कामना गरिएको छ।

- **"शरीर, वचन र मन संयम गरी, तृष्णाको मूललाई नष्ट गरी, अहिले म शान्त भई निर्वाणलाई लाभ गरें।" – उत्तरा थेरी**
- **"मैले अनेक दुःख धर्मलाई जानेर अप्रमादमा लीन भएर बसें। तृष्णालाई क्षय गरी उत्पन्न नहुने बनाएँ र बुद्धशासनलाई पूर्ण गरें।" – अभया थेरी**



Downloaded from http://www.dhamma.digital

# तथागत शास्ता :

# श्रेष्ठ समाज शोधकको रूपमा

✍ राजेन्द्र कुमार महर्जन

प्राचिन चलनचल्ति विचार, सोचाई, पूजा-आजा, कूल गोत्र आदि लामो समय देखि केहि पनि फरक नगरी बचाएको कारणले गर्दा भारत एउटा संग्रहालयको रुपमा लिने गर्दछ । सिद्धार्थ गौतमको जन्म यस्तो युगमा भएको थियो जहाँ सम्पूर्ण जम्बुदिप नै कुलगोत्रको चपेटामा फसेको थियो । तत्कालीन समयमा सम्पूर्ण समाज चर्या नै ब्राह्मणहरूको हातमा थियो । ती समाज चर्यामा गल्तीहरू भएतापनि त्यसलाई औंल्याएर देखाउने निर्भिक, बुद्धिवान, कोही पनि थिएन। सबै राजाहरूले ब्राह्मणहरूबाटै अर्ति उपदेश लिने गर्दथे । त्यसकारण राजादेखि रैतिसम्म सबैले पनि ब्राह्मणहरूलाई गौरव गर्दथे । तत्कालिन समाजमा थरिथरिका मिथ्या विश्वास र दूषित तत्वहरू सफा गर्नको लागि सार्वभौम राजकूलीन वीर एकजना जन्मनुपर्ने आवश्यकता उत्पन्न भयो। समाजमा जरासम्म नै गाडिएको मिथ्या विचारविरुद्ध उभिनु जटिल काम थियो । किनकी समाजविरुद्ध लागेको खण्डमा जस्तोसुकै बलसम्पन्न व्यक्ति पनि हारिन्थ्यो। श्रेष्ठ राजवंशमा जन्मेर श्रेष्ठताको उदाहरण दिदैं सारा सम्पत्ति परित्याग गरेर आत्मार्थकामी अविहिंसावादी भई शान्तदान्त स्वरुपमा बसी तथागत शास्ताले जिम्मा लिनुभयो । जिम्मा लिएर वहाँले राजनीति गर्ने व्यक्ति, एकाधिपति नभई करूणा मैत्रीका मूर्ति एक तपश्वीको रुपमा अगाडि बढ्नुभयो । तापनि भगवान् बुद्धले समाज परिवर्तन गर्न आएका अरू समाजवादीहरूले जस्तै प्रशंसासँगै निन्दा पनि सहनुपऱ्यो । एकातिर लाखौं जनताले उहाँलाई गौरव गरे भने अर्कोतिर उहाँलाई मार्नको लागि अनेकौं जालझेलहरू रच्न थाले । उहाँलाई स्त्री-धूर्त ज्यानमाराको आरोप पनि लगाइयो । तर उहाँको आदर्श-चरित्र र उत्तम-विचार धाराले उहाँलाई सदा रक्षा गरिरह्यो ।

भगवान् बुद्धले सर्वप्रथम समाजमा माथिल्लो तहमा बसेका ब्राह्मणहरूको विरुद्धमा प्रहार गर्नुभयो। उनीहरूको यज्ञ, होम र कूलगोत्रविरुद्ध उभिनुभयो। जुनसुकै महत्त्वपूर्ण काम नै किन नहोस् प्राणी हिंसा गर्नुजस्तो ठूलो पापक्रिया केही होइन भनी तत्कालीन समयमा चल्दै आएको पूजाविरुद्ध उभिनुभयो । मानसिक स्वतन्त्रतासम्म पनि नभएका स्त्रीहरूलाई स्वतन्त्रता दिलाई दिनुभयो । यदि बुद्धिले भरिपूर्ण छ भने स्त्री हुँदैमा के भयो र भनी उहाँले बारम्बार प्रश्न गर्नुभयो ।

एक समय कोशल राजा भगवान् बुद्धसँगै कुराकानी गरिरहेको बेला एकजना राजदूत आई राजाको कानमा खुसुक्क महारानी मल्लिका देवीले छोरी पाएको खबर सुनायो । सुन्नेवित्तिकै राजाको मुख अँध्यारो भयो "महाराज कुनै कुनै स्त्रीहरू पनि श्रेष्ठ, दक्ष, बुद्धिमती हुन्छन् । त्यसकारण मल्लिका देवीले पाएकी छोरीको राम्रोसँग पालनपोषण गर्नुहोस् । बुद्धिमती, शीलवती सासुससुराहरूलाई देवत्वमा राख्ने पतिव्रत रक्षा गर्ने स्त्रीहरू उत्तम हुन्छन् । त्यस्ता छोरीहरू राज्यपालनको लागि पनि सुहाउँछन् ।" भगवान् बुद्धले भन्नुभयो ।

**इत्थिपि एकच्छिया सेय्य पोस जनाधिप**
**मेधाविनी सीलवती सस्सु देवा पतिब्बता**
**तादिसा भगिनिया पुत्तो रज्जम्पि अनुसासति**[१]

यसपछि राजाको मुखमा उज्यालो किरण छाएको थियो ।

बुद्धि वर्धन, पढ्ने, पढाउने, शास्त्र सिक्ने, उपदेश दिने, एकाधिकार ब्राह्मणहरूबाट छिन्नु पर्ने र ती सबै हावा पानी किरणझैं सबैलाई समानता हुनुपर्दछ भनी भगवान् बुद्धले भन्नुभयो । ब्राह्मणहरूको विरुद्धमा सर्वप्रथम महाजनताको अगाडि देशना गर्नुभएको देशक समाज शोधक भगवान बुद्ध हुनुहुन्छ। ब्राह्मणधर्मविरुद्धमा जति जति देशना उहाँले गर्दै जानुभयो उति उति बुद्धिमानी ब्राह्मणहरू उहाँको शरणमा आए । उहाँको दाँयाबाँया बस्ने अग्रश्रावकहरू दुईजना पनि ब्राह्मण कूलबाटै आएका सारिपुत्र र मौद्गल्यायन थिए । बुद्धधर्मविरुद्धवादी ब्राह्मणहरू उहाँको विरुद्धमा उठेर उहाँलाई "मुण्डक"

१. पूज्य P. वजिरञाण महास्थविर, संयुक्त निकाय - कोसल संयुक्त, धितु सुत्र (श्रीलंका : बुद्धजयन्ति ग्रन्थमाला ई. २००६) पृ. १५८



Downloaded from http://www.dhamma.digital

"वसल" आदी भनी निन्दाउपहास गर्थे । बुद्धले आफू जन्मनुभन्दा पनि पहिलादेखि चल्दैआएको नीतिनियम स्वीकार्नु भएन मानिसको मूल्य, दक्षता, जात वा कुलले होइन उसको चरित्र र क्रियाकलापले तौलिनु पर्दछ भनी निर्भिक भई भन्नुभयो । मानिस मानिसबाट नै छुट्याउने पर्खाल जस्तो कूलभेद क्रम अस्वीकार गर्नुभएको भगवान् बुद्धले ब्राह्मण कूलबाट भिक्षु बन्न आएका वासेट्ठ भन्ने भिक्षुसँग एकदिन यसप्रकारले छलफल गर्नुभयो ।

बुद्ध :- वासेट्ठ तिमी ब्राह्मण कूलबाट आएका हौ । यदि बाटोमा जाँदा ब्राह्मणहरू भेटेको खण्डमा तिनीहरूले गालि गर्ने गर्छ की गर्दैनन् ?

वासेट्ठ :- गर्छन भगवान् शास्ता ! ब्राह्मणहरू भेट हुँदा उनीहरूले मलाई गालि गर्छन् ।

बुद्ध :- के भनी गालि गर्छन्? के भनी निन्दा गर्छन्?

वासेट्ठ :- ब्राह्मणहरू मात्रै उच्च कूलीन जाति हो शुद्ध जाति हो । महाब्रह्माको मुखबाट जन्मेका हुन् । ब्राह्मणबाहेक अरु सवै तल्लो नीच कूलीन हुन् । तिमी उच्चश्रेष्ठ ब्राह्मण कूल छाडेर महाब्रह्माको पैतालाबाट जन्मेका मुण्डन् श्रमणहरूकहाँ गयौ भनी मलाई गालि निन्दा गर्छन् ।

बुद्ध :- वासेट्ठ के तिमीले तरुणी ब्राह्मणीहरू, गर्भवती ब्राह्मणीहरू बच्चा जन्माएका ब्राह्मणीहरू बच्चालाई दुध पिलाउने ब्राह्मणीहरू देखेका छौं ?

वासेट्ठ :- देखेको छु, धेरै त्यस्ता ब्राह्मणहरू देखेको छु ।

बुद्ध :- त्यसोभए सबै ब्राह्मण ब्राह्मणीहरू गर्भबाट जन्मिन्छन् भनी के तिमी स्वीकार्छौं ?

वासेट्ठ :- स्वीकार्छु अवश्य पनि, स्वीकार्छु ।

बुद्ध :- त्यसोभए ब्राह्मणहरू मात्र महाब्रह्माको मुखबाट जन्मिन्छन् भनी किन भन्दछन् ? त्योजस्तो ठूलो झुटो अरु के छ र ? अर्को मुखबाट जन्मेर पनि महाब्रह्माको मुखबाट जन्मेको भन्नु नै महाब्रह्माको निन्दा गर्नु हो उपहास गर्नु हो । त्यसोभए ब्राह्मणहरूको अति नै गौरवनीय ब्रह्मा देवताको गौरव बढाउन जाँदा थाहै नपाई आफ्नै परमपूज्य देवताको निन्दा गरेको चालै पाएनछ ।[२]

जम्बुद्धीपवासीहरू एक कूललाई मात्र ब्राह्मणको संज्ञा दिइरहेका थिए । चाहे तिनीहरू जतिसुकै कडा स्वभावका नीच, नराम्रो काम गर्ने नै किन नहोस् तर ब्राह्मण भन्ने शब्दको यथार्थता हेरे पनि प्राचीन ब्राह्मणहरूको आचारधर्म हेरे पनि आज भएका ब्राह्मणहरूलाई ब्राह्मणको संज्ञा दिन मिल्दैन । म यस्तो व्यक्तिलाई मात्र ब्राह्मण भन्दछु भनी उहाँले भन्नुभयो ।

**न जटाहि न गोत्तेन न जच्चा होति ब्राह्मणो**
**यम्हि सच्चं च धम्मो च सो सुची सो च ब्राह्मणो**[३]

जटा राख्दैमा, गोत्रले वा जातिले कोहि पनि ब्राह्मण हुँदैन जोसँग सत्यता-धर्मता छ, उ नै सच्चा ब्राह्मण हुन्छ।

**यस्स कायेन वाचाय मनसा नत्थि दुक्कतं**
**संवुतं तीहि ठानेहि तमहं ब्रुमि ब्राह्मणं**[४]

जसले शरीर, वचन र मनले गल्ती गर्दैनन्, जसले त्रिद्वार संवर गर्दछन्, उनै सच्चा ब्राह्मण हुन् ।

**अक्कोसो वध वन्धञ्च अदुट्ठो यो तितिक्खति**
**खन्ति बलं बलाणीकं तमहं ब्रुमि ब्राह्मणं**[५]

विरुद्धवादीहरूको बीचमा जो मित्रको रुपमा बस्छ, हिंसकहरूको बीचमा जो अविहिंसावादी भई बस्छ, तृष्णाले बन्धित भई बसिरहेको माझ जो तृष्णारहित भई बस्दछ त्यो व्यक्ति नै सच्चा ब्राह्मण हो । तत्कालीन समाजमा नीचकूल वसल चण्डाल भनी हेला गरेर छुट्याएका समूहलाई भगवान् बुद्धले कहिले पनि वसलको रूपमा स्वीकार्नु भएन । तिनीहरूलाई पनि प्रव्रजित हुनको लागि स्थान दिनुभयो ।

उहाँको दृष्टिकोणमा :–

**कोधनो उपनाहि च पाप मक्खीच यो नरो**
**विपन्न दिंट्ठी मायावी तं जञ्ञा वसलो इति**[६]

जो हरेक क्षणमा रिसाउँछ, वैरी भइरहन्छ, वैगुणी पापी हुन्छ, मिथ्यादृष्टिक हुन्छ, आफ्नो गल्तीहरू लुकाउँछ

२. पूज्य B. आनन्द मैत्रि महानायक, दीघनिकाय-अगञ्ज सुत्त (बुद्ध जयन्ति ग्रन्थमाला - श्रीलंका ई. २००६) पृ. १३७
३. भिक्षु अमृतानन्द महास्थविर(सं) धम्मपद (काठमाडों : आनन्दकुटी विहार संस्था वि.सं २०७० ) पृ. १७५
४. ऐजन, पृ १७४
५. ऐजन, १७७
६. भिक्षु सुदर्शन (सं), भिक्षु सरणंकर (नेपाली अनुवाद) महापरित्राण (काठमाडौं : आनन्दकुटी विहार, स्वयम्भू वि.स. २०७१) पृ. ५६



Downloaded from http://www.dhamma.digital

यस्ता ब्यक्तिहरू वसल हुन् ।

**यो हवे इण मादाय चुज्जमानो पलायति**
**नहि ते इणमत्थिति तं जञ्ञा वसलो इति**[७]

जसले ऋण लिएर साहुले माग्दा दिँदैन, भागेर जान खोज्छ, छली हिंड्न खोज्छ, त्यस्ता ब्यक्तिलाई वसल भन्दछ ।

**यो मातरं वा पितरं वा जिन्नकं गत योब्बनं**
**पहुसन्तो न भरति तं जञ्ञा वसलो इति**[८]

जसले क्षमता भइकन पनि दुर्वल भएका आफ्ना आमा बुबाको स्याहार सुसार गर्दैन, वास्ता नगरी छोडिदिन्छ, त्यस्ता ब्यक्तिलाई वसल भनिन्छ ।

**वो ये परकूलं गन्त्वा मुल्यानं सुचि भोजनं**
**आगतं न पटि पूजेति तं जञ्ञा वसलो इति**[९]

अरुको घरमा गएर राम्रोसँग खाइपिई आएर तिनीहरू आफ्नो घरमा आउँदा जसले मानसम्मान गर्दैन त्यस्ता ब्यक्तिलाई वसल भनिन्छ ।

पहिला पहिलाका ब्राह्मणहरू सच्चा, उत्तम गुणले भरिपूर्ण थिए, जुन आजका ब्राह्मणहरूमा विद्यमान छैन । आजकल ती गुणहरू सुनखहरूमा मात्र छ भनी निर्भिकतापूर्वक बुद्धले भन्नुभयो ।

***ती ५ प्रकारका गुणधर्महरू यसप्रकार छन् –***

१) पहिला पहिलाका ब्राह्मणहरू ब्राह्मणीहरूको नजिक मात्र जान्छ । ब्राह्मणीबाहेक अरु स्त्रीहरूको नजिक जाँदैन । तर आजकल ब्राह्मणहरू सबैको नजिक जान्छ । सुनखहरू आफ्नो जात छोडेर अरुको पछाडि लाग्दैन तसर्थ ब्राह्मणधर्म ब्राह्मणहरू भित्र होइन सुनखमा विद्यमान छ ।

२) भिक्षुहरू हो पहिला पहिलाका ब्राह्मणहरू ब्राह्मणीहरू किनबेच गर्दैनथे । मनाएर फकाएर सहबासको लागि लिएर जान्थे । तर आजकल ब्राह्मणहरू ब्राह्मणीहरू किनबेच गर्दछन् र मनाएर वा नमाने बलपूर्वक लिएर जान्छन् । तर सुनखहरू किनबेच गर्दैनन् ।

३) पहिला पहिलाका ब्राह्मणहरू ब्राह्मणीहरू रजस्वला भएको बेला मात्र तिनीहरूको नजिक जान्थे । तर आजकलका ब्राह्मणहरू अरू बेला पनि जाने गर्दछन् । सुनखहरूपनि त्यस्तै हो ।

४) पहिला पहिलाका ब्राह्मणहरू धनसम्पत्ति सुन चाँदि जम्मा गरी लुकाएर राख्दैनथे । तर आजकलका ब्राह्मणहरू लुकाएर राख्दछन् । सुनखहरू पनि सम्पत्ति लुकाएर राख्दैनन् ।

५) पहिला पहिलाका ब्राह्मणहरू विहान बेलुका भिक्षाटन गरी जीविका चलाउँथे । तर आजकलका ब्राह्मणहरू पेटभरी खाएर बाँकी भएका बस्तु लिएर पनि जान्छन् । सुनखहरू पनि खाना खोजिखोजि खान्छन् तर उठाएर लग्दैनन् ।[१०]

यहाँ भगवान् बुद्धले त्यसबेला विद्यमान ब्राह्मण समाजमा रहेका नराम्रा ब्राह्मणहरू सुनखको उपमा गरी देशना गर्नुभयो । ब्राह्मणहरूको विरुद्धमा निर्भिक भई आवाज उठाएर पिटाई नखाएकाहरूमा उहाँ मात्र एक्लो हुनुहुन्छ । बोल्नुपर्ने ठाउँमा निर्भिक भइ तर करूणा मैत्रीले प्रहार गर्नुभएको विश्वप्रख्यात समाज शोधक भगवान् बुद्ध हो भन्ने कुरा यसबाट प्रष्ट हुन्छ ।

तत्कालीन समाजमा स्त्रीहरूलाई रत्तिभर पनि स्वतन्त्रता नभएको कुरा माथि उल्लेख भइसकेको छ । त्यो स्वतन्त्रता ब्राह्मणहरूद्वारा हनन् गरिएको थियो । स्त्रीहरू घरमा आमा बुबाको, विवाहपछि श्रीमानको र बुढेसकालमा छोराछोरीको अधिनमा बस्नुपर्दछ भनी ब्राह्मणहरू भन्दथे [११] उनीहरूको स्वतन्त्रता चारभित्तामा मात्र सीमित गरिएको थियो । त्यस समयमा भगवान् बुद्धले तिनीहरूलाई प्रव्रजित हुने मौका दिएर दक्ष भिक्षुणीहरूलाई उपर्युक्त पद पनि दिएर विनय नीतिअनुसार स्वतन्त्रताले घुम्न फिर्न मौका दिनुभयो । पुरानो भारतीय स्त्रीहरूको छोटो चरित्र कथा थेरी गाथामा उल्लेखित छ । त्यो पढ्दाखेरी धान कुटेर, दाउरा चिरेर, पानी ल्याएर, खाना पकाएर नोकर्नी भएर श्रीमानहरूबाट, मालिकबाट, सासुबाट, ससुराबाट, सौताबाट बचेर फुत्केर आई प्रव्रजित भएपछि प्राप्त गरेको स्वतन्त्रताको बारेमा प्रकट गरेको उदान प्रीति वाक्यहरू देख्न सकिन्छ । भगवान् बुद्धको कारणले भारतीय स्त्रीहरूले प्राप्त गरेको स्वतन्त्रताको एक जल्दो उदाहरण थेरी गाथा हो प्राचीन भारतीय समाजले

७. ऐजन, पृ ५९ ८. ऐजन, पृ ५९ ९. ऐजन, पृ ५९

१०. त्रिपिटक संसोधन मण्डल अंगुत्तरनिकाय - पञ्चकनिपात (श्रीलंका : बुद्ध जयन्ति त्रिपिटक ग्रन्थमाला ई.२००६)

११. http://aryamantavya.in/manusmriti/5-148/



Downloaded from http://www.dhamma.digital

बाँधिराखेको स्त्रीहरूको बारेमा ब्राह्मणमतरुपी बारुद सर्वप्रथम विस्फोट गराउनुभएको भगवान् बुद्धले नै हो ।

भगवान बुद्धले उत्तर भारतीय समाज बनाउनुभएको, संशोधन गर्नुभएको त्रिशरणयुक्त पञ्चशील प्रतिपत्तिले हो । हरेक दिन हुनसक्ने नराम्रो क्रियाबाट बच्नको लागि म यो गर्दिन भनी अठोट गराउनु नै पञ्चशील प्रतिपत्तिमा लाग्नु हो । साँच्चै भन्ने हो भने त्यसबेला त्रिशरण पञ्चशीलको एक अक्षरसम्म पनि नबिगारिकन पालन गर्दथे ।आफ्नो प्राणसरी पञ्चशील रक्षा गर्दथे । यसरी बनाउनुभएको शिष्टाचारयुक्त समाज एक आदर्शयुक्त समाज हो । यथार्थमा भगवान् बुद्धले चाहनुभएको सारा संसारवासीलाई प्रव्रजित गराउन वा निर्वाणमा पुऱ्याउनु नभई पञ्चशील प्रतिपत्तिमा लगाई धार्मिक समाज धार्मिक संसार बनाउन हो । उहाँ जीवमान हुँदा त्यसपछि पनि धेरै समयसम्म पञ्चशील पालन गर्नेहरू थुप्रै थिए ।

अहिले यो संसारमा पञ्चशील लिने मात्र गर्दछन्, पालन गर्ने गर्दैनन् । एक अक्षर पनि नबिगारिकन शील पालन गर्नु भन्नु वचनमा मात्र सीमित भइसक्यो । पञ्चशील अहिले बौद्ध चारित्र भइसक्यो । पालन गर्न नसक्ने शील पालन गर्छु भनी लिनु नै सबैभन्दा ठूलो गल्ति हो । बुद्धकालीन समाज र आजको समाजमा धेरै फरक छ । जुन दिनदेखि यो शील मानिसहरूले पालन गर्न छोड्यो त्यस दिनदेखि नै उनीहरूमा आध्यात्मिक गुण हराउँदै गए । पञ्चशील पालन नगरेसम्म समाजमा भिन्नता रहिरहन्छ ।

आदर्शवादी नायक हुनु अरूको गल्ति देखाउँदा तिनीहरूबाट पाउने राम्रो वा नराम्रा प्रतिफल एकै नासले स्वीकार्नु अष्टलोक धर्मबाट विचलिन नहुनु व्यक्तिबादी नभई परार्थकामी हुनु आदि श्रेष्ठ शोधकहरू मध्ये पनि वहाँ श्रेष्ठ हुनुहुन्छ । ❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| *मिति* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| २०७४/०१/२० बुधबार, अष्टमी | क्षान्तिवती | वीर्यवती |
| ०७४/०१/२७ बुधबार, पूर्णिमा | सुवण्णवती | धम्मवती |
| ०७४/०२/०१ सोमबार, संक्रान्ति | शुभवती | पञ्ञावती |
| ०७४/०२/०५ शुक्रबार, अष्टमी | वण्णवती | मेत्तावती |
| ०७४/०२/११ बिहीबार, औंशी | सुवण्णवती | धम्मवती |

# सूचना ! सूचना !! सूचना !!!

**भिक्षुणी धम्मवती गुरुमांको ८४ औं जन्मोत्सवको पूनित उपलक्ष्यमा भिक्षु महासंघबाट सप्ताहब्यापी अभिधर्मपाठ एवं धर्मदेशना कार्यक्रम सञ्चालन हुन गइरहेको छ । यस पुण्य कार्यमा भाग लिन इच्छुक सम्पूर्ण श्रद्धालु उपासक उपासिकाहरुलाई हार्दिक निमन्त्रणा गरिएको छ ।**

**मिति : २०७४ असार २० गते, मंगलवार देखि २७ गते मंगलवारसम्म ।**

**स्थान : धर्मकीर्ति विहारको धम्महल ।**
**श्रीघः, नःघः, काठमाडौं ।**

**समय : विहान ७ बजे देखि ९ बजे सम्म ।**

आयोजक :
**धर्मकीर्ति विहार**



Downloaded from http://www.dhamma.digital

# प्रथम संगायना :
# धर्म चिर स्थायीको सेतु

✍ समिर महर्जन

**पृष्ठभूमि :**

**अनेक जाति संसारं - सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो - दुक्खा जाति पुनप्पुनं ॥**
**गहकारक दीट्ठो'सि - पुनगेहं न काहसि ।**
**सब्बा ते फासुका - भग्गा गहकुटं विसंखितं ।**
**विसंक्खारगतं चित्तं - तण्हानं खयमज्झगा**[1] ॥

**भावार्थः** अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा खोज्दै ! मेरो हरेक जन्म दुःखमय भएर बित्यो। अब हे गृह निर्माण गर्ने बुद्धि हो ! मैले तँलाई देखिसकें, फेरी तैंले गृह बनाउन सक्नेछैन । तेरो घर बनाउने काठपात जम्मै भाँचिसकें, घरको धुरी पनि खसाली दिएँ, मेरो चित्त संस्कार रहित भई तृष्णाको विनाश भई सक्यो ।

६ बर्षको कठिन दुष्करचर्या पश्चात् जब बोधिसत्त्व सिद्धार्थ कुमारले कामसुखल्लीकानुयोग र अत्तकिलमथानुयोग जस्ता हीन, ग्राम्य, अनार्य दुई अन्तलाई छोडी मध्यममार्ग अपनाउनु भयो । तत्पश्चात् आजभन्दा करिब २६०० बर्ष अगाडि तत्कालिन गया स्थित बोधिबृक्षको काखमा बसि बैशाख पूर्णिमाको शुद्ध रातको प्रथम याममा पुब्बेनिबासानुस्सति ञाण, दुतिय याममा च्युतिउत्पाद ञाण, तृतीय याममा आसवक्खय ञाण प्राप्त गरी अनुत्तर बोधिज्ञान प्राप्त गर्नुभई यस दश लोकधातुमा सम्यक-सम्बुद्ध कहलाउनु भयो ।

अनुत्तर बोधिज्ञानको लाभ पश्चात् सात सप्ताहको प्रिती अनुभव पछि यस मनुष्यलोक, देवलोक, ब्रह्मलोक र सारा चक्रवालमा आफ्नो बोधि आलोक फिजाउनु भई अविद्याको अन्धकारमा डुबी, तथाकथित धर्मको नाममा वर्षौ देखि व्याप्त सामाजिक, आर्थिक तथा जातिय असमानता, अन्धविश्वास, रूढीवादी तथा कर्मकाण्डहरूमा पिल्सिएर दुःख पाईरहेका समस्त सत्वप्राणीहरूलाई ज्ञानको प्रकाशले सिन्चित गर्नुभयो । त्यस्तै ४५ बर्षसम्म निरन्तर चारिका गर्नुभई असंख्य देव, मनुष्य अनि ब्रह्माहरूको मुक्तिको पथप्रदर्शक बन्नुभयो । तत्कालिन समयमा मगध सम्राट बिम्बिसार जस्ता समृद्धिशाली शासक, उदण्ड स्वभावको कोशल नरेश प्रशेनजित अनि श्रद्धा विभोर राजा पुक्कुसाती जस्ता शासकहरू भगवान बुद्धका अनुयायी थिए । कुनै जाति, कुनै वर्ग, कुनै शासक त्यस्ता थिएन जो शास्ताको उपदेश सुनेर मुग्ध नहोस् । चाहे पशुपंक्षी नै किन नहोस् भगवानको सामीप्य, सेवामा मदहोस् हुन्थे । तथागतद्वारा देशित अनुत्तर धर्मको रसपान गरी कति प्राणीहरू यस सांसारिक दुःखको सागरबाट मुक्त भए भन्ने कुराको कुनै गिन्ती नै छैन । तथागतले आफ्नो जीवन उत्तरार्धको अन्तिम अवस्थामा समेत बहुजन हित र बहुजन सुखकै निमित्त आफ्नो श्वासलाई प्रयोग गर्नुभएको थियो । वस्पोल लोकहितको कामनार्थ गाउँ-गाउँमा, शहर-शहरमा अनि देश-देशान्तर सम्म पनि पैदल नै हिंडनु भई असंख्य प्राणीमात्रको उद्धारको निम्ति निर्वाणको साक्षात्कार गराई अनि असंख्य बोधी अंकुरहरू यस लोकमा प्रतिस्थापित गराई अन्ततः ८० बर्षको प्रौढ अवस्थामा कुशीनगरको मल्ल राजकुमारहरूको सालोद्यानमा ई.पू. ५४३ मा महापरिनिर्वाण हुनुभयो ।

तथागत भगवान बुद्धको महापरिनिर्वाण पछि सारा कुशीनगर लगायत सारा चक्रवालमा रूवावासीको आवाजले गुञ्जायमान भैरहेको थियो । त्यस्तै कोही जो चित्तमल रहित थियो वहाँहरू संस्कार धर्मको अनित्यता स्मरण गर्दै थिए । यता आनन्द स्थविर पनि शास्ताको पादमुलमा बसि रूँदै शोक गर्दै थिए । त्यस्तै कोही तथागत प्रति अन्तिम गौरव दर्शाउन तम्तयार थिए । यस प्रकार भगवान बुद्धको पार्थिव शरीरलाई पुष्प, धुप प्रदिपद्वारा पूजा गर्दै एक सप्ताह बिताए । तत्पश्चात उहाँको पार्थिव शरिरलाई दाह संस्कारको निमित्त मल्लहरूको मुकुटबन्धनमा पुऱ्याईयो ।

त्यस अवस्थामा बर्षाबास अनुसार ज्येष्ठ मानिएको भिक्षु महाकाश्यप महास्थविर जब तथागतको दर्शनार्थ आफ्ना ५०० जना शिष्यहरूका साथमा कुशीनगरको पावा

---

१. भिक्षु डा. अमृतानन्द महास्थविर, धम्मपद, (स्वयम्भुः आनन्दकुटी विहार संस्था) बि.सं. २०७० पृ. ७०



Downloaded from http://www.dhamma.digital

आईरहनु भएको थियो, तब बीच बाटोमा मन्दार पुष्प हातमा लिएर आईरहेको एक आजीवकलाई भेटी तथागतको बारेमा सोध्नु हुँदा सप्ताह अगाडि नै महापरिनिर्वाण हुनुभएको र आफ्नो हातमा भएको उक्त पुष्प त्यहींबाट लिएर आएको सुनाए पछि आश्रवक्षय नभएका भिक्षुहरू आफ्नो चित्त धैर्य गर्न नसकी लडीबुडी गरी रोई विलाप गर्न लागे । त्यस अवस्थामा अन्त्यमा देशवासी सुभद्र भिक्षुले सम्झाउने क्रममा "**अलं, आवुसो, मा सोचित्थह मा परिदेवित्थ । सुमुत्ता मयं तेन महासमणे नह उपद्दुता च मयं होम – इदं वो कप्पति, इदं वो न कप्पतीति । इदानि पन मयं यं इच्छिस्साम तं करिस्साम, यं न इच्छिस्साम न तं करिस्सामा'ति**[२] ।"

अर्थात्– "आवुसो ! भईहाल्यो शोक नगर, नरोओउ । अब हामी वहाँ महाश्रमणबाट सुविमुक्त भयौं । उहाँ छँदा 'यो गर्नु हुन्छ, यो गर्नु हुन्न' भन्ने कुराबाट हामी पिडित थियौं । अब जे चाहान्छौं त्यही गर्न सक्नेछौं । जे चाहदैनौं त्यो गर्नेछैनौं ।" भनि जुन क्षुद्र एवं दुर्विनित वचनको प्रयोग गर्नुभयो तत्पश्चात् धर्मको बारेमा चिन्तित भिक्षु महाकाश्यप महास्थविरले यस स्थितिलाई निकै भयाबहको रूपमा देख्नुभयो । भिक्षु महाकाश्यप महास्थविरले तथागतबाट उपदेशित धर्म-विनय रक्षार्थ, धर्म-विनयमा कुनै संशय आउन नदिन तथा वीर्य हीन हुन नदिन, धर्म र विनयलाई संगायन गर्नुपर्ने वा यत्र-तत्र छरिएर रहेको धर्म विनयलाई एकत्रित गनुपर्ने सोच अनुसार उक्त प्रस्ताव तथागतको महापरिनिर्वाणको कारण समागम हुन आएका करिब ७ लाख भिक्षुहरूको[३] सामुन्ने पेश गर्नुभयो । जुन प्रस्ताव अनुरूप संगायन समापन पनि गरियो र खुद्दानुखुद्दक सिक्खापद सम्बन्धी मतभेद श्रृजना भएपछि संघ सभाका नायक हुनुभएका महाकाश्यप महास्थविरले : '**यदि संघस्स पत्तकल्लं संघो अप्पञ्ञत्तं न पञ्ञापेय्य, पञ्ञत्तं न समुच्छिंन्देय्य, यथा पञ्ञत्तेसु सिक्खापदेसु समादाय वत्तेय्य**[४] ।' – तथागतले प्रज्ञप्त नगर्नुभएको शिक्षापद नबनाउने, प्रज्ञप्त गरिराखेको शिक्षापद नबिगार्ने, जति पनि तथागतले बताई राख्नुभएको शिक्षापद छ सबैको पालना गर्ने भनी जुन सभाबाट पारित गराउनु भयो त्यसअनुसार भगवान बुद्धको बचन, धर्म, विनयमा कुनै पनि परिवर्तन नगरी शुद्ध रूपमा अगाडि बढेको स्थविर वादी परम्परा नै आजको थेरवाद बुद्धधर्म हो । बुद्ध धर्म तथा बुद्ध शासनमा यस्ता धर्म एकराशी गर्ने, धर्म शुद्धिकरण गर्ने कामहरू धेरै पटक भए तर पनि थेरवाद बुद्ध धर्म अनुसार सर्वमान्य रूपमा ६ पटक सम्म धर्मको संगायना भएको इतिहास हाम्रो सामु छ ।

**परिभाषा :**

साधारण अर्थमा संगायनाको अर्थ सामूहिक रूपमा सँगै वाचना गर्नु भन्ने हुन्छ । शाब्दिक अर्थ अनुसार **सं** भनेको सँगै (सामूहिक) हुन आउँछ भने **गायना** भनेको वाचना गर्नु, पाठ गर्नु हुन आउँदछ । तसर्थ **सं** + **गायना** = संगायनाको अर्थ सज्झायना गर्नु भन्ने बुझिन्छ । बौद्ध-दर्शन, बौद्ध साहित्य अनुसार त्रिपिटक निक्लेशी भिक्षुहरूबाट पटक-पटक सज्झायना गर्ने काम सम्पन्न भयो । त्यसलाई नै संगायना भनिन्छ । साधारण अर्थमा बुझ्नु पर्दा तथागतद्वारा ४५ वर्ष सम्म गाँउ-गाँउमा, निगम-निगम, जनपद-जनपद अनि देश - देशान्तरसम्म चारिका गर्नुभई बहुजन हित र बहुजन सुखको निमित्त जति पनि उपदेशहरू दिनुभयो, यसरी उपदेशित जतिपनि बुद्ध वचनहरू छन्, त्यसलाई तथागतको महापरिनिर्वाणको ३ महिना पछि एकराशि गर्ने तथा एउटै मालामा गाँस्ने ऐतिहासिक, धार्मिक तथा महत्त्वपूर्ण कार्य हुनगयो यसलाई नै धर्म संगायना भनिन्छ ।

**संगायनाका उद्देश्यहरू :**

बुद्ध शासन भित्र जति पनि संगायनाहरू भएका छन्, ति सम्पूर्ण संगायनाको मुख्य उद्देश्य भन्नु नै बुद्ध-शासन चिरस्थायी गर्नको निम्ति हो । विशेषत तथागतको महापरिनिर्वाण पश्चात् अधर्म प्रकट हुन सक्ने अनि धर्मको ह्रास तथा अविनय प्रकट भई विनय ह्रास हुन सक्ने, अधर्मवादी बलवान तथा धर्मवादी दुर्वल हुँदै जान सक्ने कारणलाई मध्यनजर गरेर नै धर्म संगायनाको प्रस्ताव पेश गर्नु परेको थियो । भिक्षु महाकाश्यप महास्थविरले धर्मको रक्षार्थ संगायनालाई आफ्नो उत्तरदायित्व बोध

२. चुल्लवग्गपाली, (इगतपुरीः विपश्यना विशोधन विन्यास) १९९८, पृ. ४५२

३. भिक्षु प्रज्ञानन्द महास्थविर, विशुद्धि ज्ञान दर्शन, बि.सं. २०२३ पृ. ४८

४. चुल्लवग्गपाली, (इगतपुरीः विपश्यना विशोधन विन्यास) १९९८, पृ. ४५७



Downloaded from http://www.dhamma.digital

गरेर नै प्रथम संगायनाको आह्वान गर्नुभएको थियो । त्यस्तै विभिन्न कालखण्डहरूमा जब-जब बुद्ध शासन भित्र अधार्मिक तत्वहरू देखा पर्न थाल्यो, धर्ममा संकटको अवस्थाहरू देखा पर्न थाल्यो, तब-तब संगायना भएको कुरा त्रिपिटक, बौद्ध ग्रन्थ तथा बौद्ध साहित्यको ईतिहासबाट प्रष्ट हुन्छ ।

**ऐतिहासिक प्रथम धर्म संगायना :**

**"हन्द मयं, आवुसो, धम्मञ्च विनयञ्च सङ्गायाम । पुरे अधम्मो दिप्पति, धम्मो पटिबाहिय्यतिह पुरे अविनयो दिप्पति विनयो पटिबाहिय्यतिह पुरे अधम्मवादिनो बलवन्तो होन्ति, धम्मवादिनो दुब्बला होन्तिह पुरे अविनयवादिनो बलवन्तो होन्ति, विनयवादिनो दुब्बला होन्ती'ति'[५] ।" -** आवुसो, अधर्म प्रकाश भई धर्ममा संकट आउनु पूर्व; अविनय प्रकाश भई विनयमा संकट आउनु पूर्व; अधर्मवादी बलवान भई धर्मवादी दुर्वल हुनु पूर्व; अविनयवादी बलवान भई विनयवादी दुर्वल हुनु पूर्व हामी धर्म र विनयको संगायना गरौं ।

भिक्षु महाकाश्यप महास्थविरको यस प्रस्ताव तथागतको महापरिनिर्वाणका कारण समागम हुन आएका संघबाट पारित भैसकेपछि भिक्षु महाकाश्यप महास्थविरको नेतृत्व तथा मगध सम्राट बिम्बिसार पुत्र राजा अजात शत्रुको प्रमुख संरक्षकत्वमा, राजगृह नगरको वेभार (वेल्भार) पर्वतमा अवस्थित सप्तपर्णि गुफामा सम्पन्न गरिएको धर्म एकराशी गर्ने कदम नै धर्म संगायना हुनगयो । धर्म संगायना तथागतको महापरिनिर्वाण पश्चात् मात्र भएको भएता पनि बुद्धको जीवमान समयमै घटित विभिन्न घटनाहरूको अध्ययनबाट उक्त अवस्थामा नै धर्म चिरस्थायी गर्नको निम्ति धर्मलाई एकराशि गर्ने काम शुरू भएको प्रष्ट हुन्छ । बुद्धकालिन अवस्थामा निगन्थनाथपुत्रको मृत्यु पछि कलह शुरू भै जैन-शासन टुक्रिदै गएको देखेर तथागत शास्ताले आफ्नो परिनिर्वाण पछि धर्मलाई नै शास्ता बनाउन आज्ञा दिनु[६], घोषितारामा भएको धर्मधर र विनयधर भिक्षुहरू बिचको झगडा त्यस्तै छवग्गि भिक्षुहरूको अधार्मिक क्रियाकलाप अनि देवदत्त स्थविरको क्रियाकलाप एवं संघ भेद जस्ता कार्यले गर्दा धर्मको संग्रह गर्नुपर्ने महसुस तत्कालिन अवस्थामा नै हुन गएको थियो । जस अनुरूप तथागतद्वारा धर्मभण्डागारिक आनन्द महास्थविरलाई आफ्नो उपस्थापक बनाउनु, उपालि महास्थविरलाई विनयमा अग्र बनाउनु, अग्रश्रावक सारिपुत्रद्वारा देशित संगिति सुत्र [७] आदी धर्म आरक्षाको लागि गरिएको विशेष कुटनैतिक कदम हुन् । त्यस्तै दसुत्तर सुत्रमा पनि धर्म- विनय एकराशि गर्ने सम्बन्धी उल्लेख भएको कुरा प्रष्ट हुन्छ ।

साथै संघमा मतमतान्तरको स्थिति देखा पर्न थाल्नु, संघमा कसले नेतृत्व दिने भन्ने प्रश्न खडा हुनु, संघमा नेतृत्वको आवश्यकता महसुस हुनु, वर्षाकार ब्राह्मण (राजा अजात शत्रुको मन्त्री) द्वारा संघ भित्र दोष लगाउनु, धर्मको जिम्मा संघले नै लिनुपर्ने महसुस हुनु, धर्ममा देखिएको शुन्यताको स्थितिलाई पूर्णता दिन, संघ भित्र नै संघ विरोधी भिक्षुहरूको उपस्थिति हुनु, कोशल मगध र अंगका ब्राह्मणहरू तथा परिब्राजकहरूले बुद्ध धर्मलाई द्वेष तथा ईर्ष्या भावले हेर्नु, नेतृत्वशाली भिक्षुहरूको (सारिपुत्र, मोग्गलान) संघमा अभाव, तथागतको शरीर धातुको लागी युद्ध सम्मको परिस्थिति देखा पर्नु । यी यावत समस्याहरू तत्कालिन अवस्थामा विद्यमान थियो सोहि कारण बुद्धवचनहरूलाई एकत्रित गर्नुपर्ने महसुस तथागत महापरिनिर्वाण हुनु पूर्वका दुरस्थ कारणहरू हुन् । त्यस्तै तथागतको महापरिनिर्वाण लगत्तै भिक्षु सुभद्रको क्षुद्र एवं दुर्विनित वचन जस्ता आसिन्न कारणहरूले गर्दा नै धर्मलाई एकराशि गरिएको थियो ।

ऐतिहासिक यस प्रथम धर्म संगायनामा भिक्षु महाकाश्यप महास्थविरद्वारा चुनिएका चतुप्रतिसम्भिदालाभि, तेविज, छलाभिञ्ञ प्राप्त, परियत्ति धर्मलाई रातदिन अभ्यास एवं सज्झायना गरी बसेका त्यस मध्ये पनि तथागतबाट एतदग्ग प्राप्त भिक्षुहरू सहित ५०० जना अर्हन्त भिक्षुहरू सम्मिलित थिए । विनय नै शासनको आयु (विनयो नाम सासनस्स च आयु) भएको कारणले यस संगायनामा सर्व प्रथम तथागतबाट विनयमा एतदग्ग प्राप्त भिक्षु उपाली महास्थविरलाई विनय सम्बन्धी सम्पूर्ण जिम्मा दिइएको थियो भने धर्मको भण्डागारिकद्वारा

५. चुल्लवग्गपाली, (इगतपुरीः विपश्यना विशोधन विन्यास) १९९८, पृ. ४५३

६. बज्राचार्य दुण्डबहादुर, दीघनिकाय, (ललितपुरः विर पूर्ण पुस्तका संग्रालय) २०५६, पृ. २७९

७. बज्राचार्य दुण्डबहादुर, दीघनिकाय, (ललितपुरः विर पूर्ण पुस्तका संग्रालय) २०५६, पृ. ७०१



Downloaded from http://www.dhamma.digital

परिचित आनन्द महास्थविरलाई सम्पूर्ण धर्मको जिम्मा दिइएको थियो । यसरी धर्म र विनय सम्बन्धी द्विविधा रहेका लगायत सम्पूर्ण अधिकरणहरूको समाधान गरि ७ महिना लगाएर धर्मको संगायना ऐतिहासिक रूपमा सम्पन्न गरियो । यस प्रकार ५०० जना अर्हत भिक्षुहरू सम्मिलित भई समापन गरिएको कारण नै यस संगायनालाई पञ्चसतिक संगिती पनि भनिन्छ ।

प्रथम धर्म संगायनाको महत्वपूर्ण उपलब्धीको रूपमा तथागतको सम्पूर्ण उपदेशहरू एकत्रित गरी एउटै मालामा गाँस्ने काम हुनुलाई लिन सकिन्छ साथै दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अंगुत्तरनिकाय र खुद्दकनिकाय गरी धर्मलाई पाँच निकायमा विभक्त गरिनाले धर्म अध्ययनमा अझ सरल हुनगयो । साथै संगायना पश्चात् सम्पूर्ण बुद्ध वचनहरूलाई कण्ठष्ट गरी सुरक्षित गर्ने परम्पराको जग पनि बस्न गयो । यस अन्तर्गत दीघनिकाय कण्ठष्ट गर्ने जिम्मा आनन्द महास्थविर प्रमुख शिष्यहरू, मज्झिमनिकाय सारिपुत्र महास्थविरका शिष्यहरू, संयुक्तनिकाय महाकाश्यप महास्थविर प्रमुख शिष्यहरू, अंगुत्तरनिकाय अनिरूद्ध महास्थविर प्रमुख शिष्यहरू, खुद्दकनिकाय संगायनामा उपस्थित सम्पूर्ण अर्हत भिक्षुहरूद्वारा जिम्मा दिइएको थियो र सम्पूर्ण विनयपिटक कण्ठष्ट गर्ने जिम्मा उपाली महास्थविर प्रमुख शिष्यहरूलाई दिइएको थियो[८] ।

यसप्रकार महाकाश्यप महास्थविरको कौशलपूर्ण सोच र निर्णयका कारण सम्भावित अधार्मिक प्रहारहरूबाट धर्मलाई सुरक्षित गर्ने महत्वपूर्ण योगदान- संगायना हुन गयो । तथापि तथागत महापरिनिर्वाणको १०० बर्ष पुगेको अन्तरालमा पुनः बुद्ध शासन भित्र विभिन्न अविनयहरू प्रकट भइसकेको थियो । तसर्थ बैशाली नगरमा अवस्थित वालुकाराममा तथागतको दर्शन प्राप्त तथा आनन्द महास्थविरको शिष्य सब्बकामी महास्थविरको नेतृत्त्व र राजा कालाशोकको संरक्षकत्त्वमा ७०० जना प्रतिसम्भिदालाभि अर्हत भिक्षुहरू उपस्थित भइ ८ महिना लगाएर दोस्रो धर्म संगायना गरि धर्मलाई सुरक्षित गरिएको थियो । यस दोस्रो धर्म संगायना पश्चात् थेरवाद र महासांघिक गरी दुई निकायमा विभाजित बुद्ध धर्म सम्राट अशोकको शासन समय सम्म आइपुग्दा १८ निकायमा विभाजित भैसकेको थियो । यसप्रकार तथागत महापरिनिर्वाणको २३५ बर्षसम्म पुग्दा तिर्थंकरहरूले लाभ सत्कारको कारण आफु खुसी चिवर लगाई बुद्ध शासनमा प्रवेश गरि पुनः धर्म भित्र कलंकहरू श्रृजना गर्न थाल्नु भयो । तसर्थ शासनिक कार्यहरू अगाडि बढ्न नसकी ७ बर्षसम्म उपोसथादी कार्य हुन सकेको थिएन । यसकारण सम्राट अशोक स्वयम सम्मिलित भइ फरक मतका ६०००० तिर्थंकर भिक्षुहरूलाई बुद्ध शासनबाट निष्कासित गरिदिनु भयो । तत्पश्चात् मोग्गलीपुत्ततिस्स महास्थविर को नेतृत्व तथा सम्राट अशोकको संरक्षकत्वमा तथा १००० जना क्षीणाश्रव भिक्षुहरू सम्मिलित भई पाटलीपुत्र स्थित अशोकाराममा ९ महिना लगाएर तेस्रो धर्म संगायना सम्पन्न गरि बुद्ध धर्म तथा बुद्ध शासनलाई संरक्षण गर्ने शासनिक योगदान हुन गयो ।


यसरी बुद्ध धर्म संरक्षण र सम्बर्धनकै क्रममा महापरिनिर्वाणको ४५० बर्ष पछि श्रीलंकामा चौंथो धर्म संगायना गरि सम्पूर्ण त्रिपिटकलाई ताडपत्रमा लिपिबद्ध गरिएको थियो । त्यस्तै सन् १८७१ मा बर्माको माण्डले मा त्रिपिटकलाई अझ परिमार्जित गर्दै कुनै त्रुति, छुटेको वा हराएको छ कि भनि जाँच समेत गरि पाँचौ धर्म संगायना सम्पन्न लगत्तै सम्पूर्ण त्रिपिटकलाई नै ६ फिट लम्बाई, ३ फिट चौडाई भएको ७२९ वटा संगमरमरमा कुँद्न लगाई सुरक्षित गरिएको थियो । त्यस्तै बुद्ध संम्बत २५०० पुगेको उपलक्ष्यमा सन् १९५४ बर्माको रंगुनमा छैठौं धर्म संगायना गरि त्रिपिटकलाई पुस्तकको रूपमा प्रकाशित गरि संसार भरि नै फैलाउने कार्य हुन गयो । यस छैठौं धर्म संगायनामा नेपालको तर्फबाट पनि भिक्षु प्रज्ञानन्द महास्थविर, भिक्षु अमृतानन्द महास्थविर, भिक्षु सुबोधानन्द महास्थविर, भिक्षु प्रज्ञारश्मि महास्थविर, भिक्षु महानाम महास्थविर, भिक्षु अश्वघोष महास्थविर पनि सहभागी हुनु भएको थियो भने भिक्षु बुद्धघोष महास्थविर र भिक्षु कुमार काश्यप महास्थविरले संगितिकारकको भुमिका निभाउनु भएको थियो ।

यसप्रकार तथागतको महापरिनिर्वाण पश्चात् समयको विभिन्न कालखण्डहरूमा धर्म संगायना हुँदै, संरक्षण तथा सम्बर्धन हुँदै, प्रचार-प्रसार हुँदै आज विश्वव्यापि रूपमा बुद्ध धर्म अगाडि बढेको हो । ❖

८. सहस्रपति पण्डित तलल्ले धम्मानन्द, श्रीलंका सम्बुद्ध शासन इतिहास, १९९९, पृ. ७३



Downloaded from http://www.dhamma.digital



अस्पतालमा पेटको टयुमरको सफलता पूर्वक शल्यक्रिया गरियो । थप उपचारको लागि केमो थेरापी गरियो । थेरापी सकेपछि केहि समय औषधी सेवन गरी पूर्ण रूपमा क्यान्सर जस्तो डरलाग्दो रोगबाट उहाँ अहिले पूर्ण रूपमा मुक्त हुनु भएको छ । भगवान बुद्धले भन्नु भएको छ कि– **'धम्मो हवेरक्खती' ति धम्मचारी'** अर्थात् जसले धर्म पालन गर्छ, उसलाई धर्मले रक्षा गर्छ'

# क्यान्सर रोगलाई जितेकी धम्मवती गुरूमांको जीवन यात्रा

✍ **शुभवती लामा**

**परिचय :**

"जसले यसरी धर्मको अध्ययन गरे कि शौचालय जाने समयमा समेत पढ्थे । एक पटक पढ्दै शौचालय जाँदा धारामा टाउको अचानक ठोकिन पुग्दा भएको घाउको खत अझसम्म छ यो कुरा धम्मवती गुरूमांले बताउनु भएको थियो ।[1] यसरी दिन रात अध्ययन गरी नेपालमा थेरवाद बुद्ध शासनको पुनः जागरणमा तथा नेपाली नारीको उत्थान कार्यमा आफ्नो जीवन समर्पण गरी बुद्ध शासनको ध्वजा फरफराउन सफल 'अग्गमहागन्थवाचक पण्डित', शासनधज धम्माचरिय ज्ञानमाला रत्नवत सिरपा, भाषाथुवा सिरपा तथा विभिन्न मान सम्मान प्राप्त गर्न सफल ब्यक्ति हुनुहुन्छ । उहाँ श्रद्धेय धम्मवती गुरूमां सम्पूर्ण जीवन धर्ममा बिताउनु भएकी कुशल नेतृत्त्वकी धनी भगवान बुद्धको शिक्षाद्वारा अरूको जीवन उज्यालो पार्दा पार्दै एक्कासी पेटको समस्याले सतायो । उच्च रक्तचाप, मधुमेह समेतबाट पीडित उहाँ गुरूमांलाई पेटमा ट्युमर भएको थाहा पाइयो । वि.सं. २०६८ श्रावण ७ गते शनिवार नर्भिक धर्मलाई पालन गर्नु भएको कारणले उहाँलाई[2] धर्मले रक्षा गऱ्यो । ८३ वर्षको उमेरमा पनि धर्मको पालन गरी आफ्नो जीवन शान्तिमय रूपमा बिताइराख्नु भएको छ । यस्तो व्यक्तित्वको जीवन यात्राको विषयमा जानकारी दिने कोशिस गरेकी छु ।

**गृहस्थ जीवन :**

पाटनको रूद्रवर्ण महाविहार ओकुबहालमा बि.सं. १९९१ आषाढ पूर्णिमाको दिन माता हेराथकुं र पिता हर्षमानको पुत्रीरत्नको रूपमा जन्म भई आफ्नो बाल्यकाल मातापिताको अथाह माया र स्नेहबाट पुल्पुल्याई बिताएकी गणेश कुमारी संयोगले आफ्नी माता हेराथकुंको सुसंस्कारले, पूज्य बुद्धघोष महास्थविर र म्यान्मारको भिक्षु श्रद्धेय धम्मवुधको तर्फबाट भगवान् बुद्धको शिक्षा दिक्षा सिक्नुभयो । केहि दिनको धार्मिक क्रियाकलाप, छलफल र प्रवचनपछि रूद्रवर्ण महाविहारमा श्रद्धेय धम्मावुध भन्तेले स्रोताहरूलाई सोध्नु भएको थियो "यो देशमा सबै भन्दा दुःखको कुरा के छ ?" कसैले पनि भिक्षु समक्ष उत्तर दिने हिम्मत गरेनन् । तर त्यहि स्रोताहरूको बीचबाट

१. हिमेश वज्राचार्य, धम्मवती गुरूमां, कान्तिपुर कोसेली, २०५६

२. भिक्षु अश्वघोष, असल शिक्षा, ध्यानकुटी विहार, २०७४, पृष्ठ ६२



Downloaded from http://www.dhamma.digital

फूल जस्ती सुन्दरी बालिकाले सुमधुर स्वरमा "भन्ते" देशको सन्दर्भमा भन्ने हो भने अत्याधिक दुःखको कुरा केहि छैन। मेरो आफ्नो व्यक्तिगत सन्दर्भमा भन्ने हो भने मैले आफूले चाहे जति बुद्धशिक्षा र बौद्ध ग्रन्थहरू अध्ययन गर्ने अवसर हाम्रो देशमा छैन, त्यहि नै ठूलो दुःख हो।" त्यहि हिम्मतिलो गणेशकुमारी आफ्नो बुबालाई नै जानकारी नदिई शिक्षा सिक्ने महान उद्देश्य लिई आफ्नो दौतरी मनोहरादेवी, शुभलक्ष्मी उपासिका, लक्ष्मी माया र आफ्नो माइलो दाजु मानकाजीको साथ २००६ जेठ ३ गते बिहान हुन नपाउँदै बुद्धिमानी तवरबाट घर छाडिन्। नेपाल देखि कुशीनगर पुग्न एक महिना लाग्यो। कुशीनगरमा धम्मावुध भन्ते सामु २००७ कार्तिक १० गते केश मुण्डन गरी गृहस्थी जीवन त्यागी गणेश कुमारी धम्मवती नामले प्रव्रजित भइन।

**१४ वर्ष सघर्ष :**

शुद्ध बुद्ध धर्म अध्ययन गर्ने मनसायले राहदानी नै नभएपनि आसामको घनघोर जंगलबाट जीवजन्तुहरूको भेटघाटलाई नै पर्वाह नगरी अत्यन्तै कठिन रूपमा पैदल यात्रा गरी म्यान्मार पुगिन्। विना राहादानी आएकी भन्ने थाहा पाएर धम्मवतीले अपराधीले जस्तै जेल सजायँ भोग्नु पऱ्यो। अन्तमा धर्मको अध्ययन गर्न आएकी धम्मवती २००९ साल भाद्र २९ मा आफ्नो लक्ष्यलाई पूर्णरूप दिन खेमाराम नन्सस्टडी सेन्टरमा दो पञ्ञाचारी गुरूमांको छत्रछायाँमा बसी धर्मको गहन अध्ययन गर्न थालिन्। दिनरात नभनि अति दुःख कष्ट गरी अध्ययनमा यसरी लागिन् कि सौचालयमा लडी धारामा टाउको ठोकेर खत भै बसेको कुरा बेला बखतमा उहाँले स्मरण गर्नुहुन्छ। गहन अध्ययन गरी २०१९ भाद्र १७ गते सम्पूर्ण बुद्ध वचन (त्रिपिटक) मा धम्माचरिय परीक्षा उत्तिर्ण गर्नुभयो। जसलाई बुद्ध शिक्षाको उच्चतह मानिन्छ। संसारमा यस्ता नारीहरू पनि छन जो आफ्नो जीवन देश र समाजको लागि उदाहरणिय बनी सुखद जीवन व्यतित गरी आफ्नो नाम इतिहासमा लेखेर जान्छन। उदाहरणको रूपमा लिने हो भने महाप्रजापति गौतमी, मदर टेरेसा, मोतिलक्ष्मी उपासिका आदि।

म्यान्मारको बुद्ध शासनको इतिहासमा पहिलो विदेशी महिला धम्माचरियको रूपमा धम्मवती गुरूमांले आफ्नो नाम लेखाउन सफल भईन र उपन्यास तमीछेतकी नायिका बन्न सफल भइन् धम्मवती गुरूमां।

**नेपालको बुद्ध शासनमा योगदान :**

१४ वर्षसम्म बुद्ध धर्मको गहन अध्ययन गरी वि.सं. २०२० साल आश्विन ७ गते आफ्नो दौंतरी दो.गुणवती गुरुमांका साथ अनेकौं इच्छा आकांक्षा सहित आफ्नो मातृभूमि नेपाल फर्कनुभयो। नेपाल आगमन संगै अनेक दुख कष्ट सही आफ्नो घर र उपासक उपासिकाहरूको घरमा आश्रय लिई धर्मदेशना र धार्मिक कक्षाहरू संञ्चालन गर्नुभयो। वाक सिद्धिका धनी (धर्म कथिक) धम्मवती गुरूमांको उपदेश सुन्नेहरूको संख्या बढ्दै गयो। यसै कारण आफ्नो जन्म ठाउँ पाटन छाडी काठमाडौंको नःघः टोलमा सबैको सुविधालाई ध्यानमा राखी वि.सं. २०२२ बैशाख २६ गते धर्मकीर्ति विहारको स्थापना गर्नुभयो। धर्मको रसपान गराउन बेजोड रूपमा लाग्नुभयो। प्रत्येक संक्रान्ति, पूर्णिमा, औसी र अष्टमीका दिन बुद्धपूजा तथा धर्मदेशना कार्यक्रम संञ्चालन गर्नुभयो। वि.सं. २०२३ साल देखि कुलपुत्रीहरूलाई ऋषि प्रव्रज्या कार्यक्रम थालनी गरियो। जुन अत्यन्त प्रशंसनीय मान्न सकिन्छ।

यसैगरी वाल कक्षा, परियत्ति शिक्षा, कोचिंग कक्षा, गृहिणीहरूलाई सीपमूलक तालिम जस्ता कार्यक्रम सञ्चालन गर्नुभयो। युवा वर्गलाई धर्मको अध्ययन अध्यापन गराउने उद्देश्यले वि.सं. २०२८ साल जेठ ७ गते ४ उद्देश्यका साथ "धर्मकीर्ति बौद्ध अध्ययन गोष्टी" को स्थापना गरियो। बहुजन हिताय बहुजन सुखाय बुद्ध वचनलाई मनन गरी वि.सं. २०२८ सालमा त्रिशुलीमा एक हप्ते धर्मप्रचार कार्यक्रम शुरू गरियो। गाउँ गाउँ, जिल्ला जिल्ला नगर नगर गई प्रचार प्रसारमा लागियो। स्वदेशमा मात्र नभई वि.सं. २०३० सालमा 'चारधाम' लगि तीर्थयात्रा कार्यक्रम आयोजना गरि विभिन्न मुलुकमा लगियो जुन अत्यन्त फलदायी मान्न सकिन्छ। धर्मकीर्ति विहार संघनायक अश्वघोष महास्थविर, दो गुणवती गुरूमां, रत्न मञ्जरी गुरूमां र धम्मवती गुरूमां एवं आपसमा परिपूरक भई वेजोड धार्मिक उद्देश्यको कारण नेपालमा बुद्ध धर्म प्रचार प्रसार कार्यमा लाग्नु भयो। धम्मवती गुरूमां र धर्मकीर्ति विहारको नेतृत्त्वबाट वि.सं. २०३३ सालमा अनागारिका राम बनेपा स्थापना



Downloaded from http://www.dhamma.digital

भयो । हाल उक्त विहार बौद्ध वृद्धाश्रमलाई प्रदान गरिएको छ ।

**निर्माण कार्यहरू :**

वि.सं. २०३८ मा धर्मकीर्ति विश्वशान्ति बसुन्धरा विहार निर्माण, वि.सं. २०४७ सालमा भारतमा नेपाली धर्मशाला निर्माण वि.सं. २०५१ सालमा अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहार निर्माण, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा एक भवन निर्माण, बौद्ध बृद्धाश्रम, निर्माणको लागि जग्गा दान, ध्यानकुटी विहार र सुलक्षणकीर्ति विहार, निर्माणमूर्ति किण्डोल विहारमा एक एक कोठा निर्माण र विहार निर्माणमा विशेष योगदान, निर्माणाधिन शाक्यमुनि कीर्ति विहारमा एक कोठा निर्माण आदि । यसरी विभिन्न संघ संस्थामा योगदान दिइ कुशल नेतृत्वकी धनी धर्मकीर्ति विहारका प्रमुख धम्मवती गुरूमांले वि.सं. २०४५ सालमा धर्मकीर्ति विहार संरक्षण समिति स्थापना गर्नुभयो । गुरूमांहरूको संघ एकत्रित हुनुपर्छ भनि वि.सं. २०४५ सालमा धर्मकीर्ति विहार संरक्षण समिति स्थापना भएको अनागारिका संघको उपाध्यक्ष धम्मवती गुरूमांले गुरूमांहरू पनि आत्म निर्भर हुनुपर्छ भनि प्रेरणा दिनु हुन्छ । अनागारिका संघ स्थापना काल देखि हाल सम्म जम्मा १९२ जना गुरूमांहरू प्रव्रजित रहेको रेकर्ड छ । गुरूमांहरूको एउटा राम्रो तालिम केन्द्रको रूपमा धर्मकीर्ति विहारलाई लिन सकिन्छ, जहाँ संख्यात्मक रूपमा बढि गुरूमांहरू स्थायी रूपमा बसोबास गर्नु हुन्छ । धम्मवती गुरूमांको नेतृत्वबाट धेरै महिलाहरूले प्रव्रजित जीवन ग्रहण गर्ने सुअवसर प्राप्त भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासंग आबद्ध धम्मवती गुरूमां दर्जनौं विदेशी राष्ट्र भ्रमण गरी अनुभव बटुल्नु भएको छ । उहाँको हालसम्म बुद्ध शासनमा ६९ वर्ष योगदान पुऱ्याइसक्नु भएको छ ।

**समाजसेवी :**

सात अक्षर जानियो कि महिला लाई नराम्रो दृष्टिले हेर्ने समयमा जन्मनु भएकी धम्मवती गुरूमांले अक्षर नजानेको महिलाहरूलाई प्रौद शिक्षा सञ्चालन गरी लेख पढ् गर्ने र धार्मिक पुस्तक पढ्न सिकाउनु भई समाजमा भइरहेको अन्ध विश्वासलाई हटाउनुमा योगदान दिनुभएको छ । वि.सं. २०३० साल देखि निरन्तर रूपमा स्वास्थ्य सेवा संग सम्बन्धि क्यान्सर रोग, स्त्री रोग, २०४१ साल देखि पिडितलाई सहयोग स्वदेश तथा विदेशी श्रद्धालुहरूको स्वागत तीर्थयात्रा कार्यक्रम आदि सञ्चालन गरी प्रत्यक्ष अप्रत्यक्ष रूपमा समाज संग सम्बन्धी विभिन्न कार्यक्रमको नेतृत्व प्रदान गर्दै आउनु भएको छ ।

**साहित्य सेवा :**

अब्बल धर्म उपदेशको कारण सबैलाई प्रभावित मात्र होइन सुनेको कुरा विर्सन सक्छ पुस्तक, लेख लेख्नुपर्छ भनि कवि चित्तधर हृदयको आग्रहलाई स्वीकार गरी भगवान बुद्धको शिक्षालाई सबैले बुझ्ने गरी पुस्तक प्रकाशन कार्यमा निरन्तरता दिनुभयो । वि.सं. २०२९ सालमा धर्मकीर्ति पत्रिकाको प्रकाशन आरम्भ गर्नु भयो । 'बुद्धया झिनिगु विपाक अर्थात बुद्धको १२ वटा विपाक पुस्तकबाट शुरू गर्नु भएको बौद्ध साहित्यको भाग अटुट रूपमा चल्दै रहयो । धर्मकीर्ति प्रकाशन स्थापना गरी हालसम्म नेपालीमा १०३ वटा मातृभाषा (नेपाल भाषा मा १५६ वटा र अंग्रेजीमा ६ वटा पुस्तकरू प्रकाशन भैसकेको छ । विभिन्न बौद्ध विद्वानहरूको लेख, सम्पादन स्वयं आफूले लेखेको लेख आदिलाई समेत समेटी पुस्तक प्रकाशन गरी बौद्ध धर्मको साहित्यलाई फराकिलो बनाउनु भएको छ ।

**मान पदवी :**

बुद्ध शासन उत्थान कार्यको लागि आफ्नो जीवन समर्पण गर्नु भएकी धम्मवती गुरूमांले बुद्ध धर्मको उच्चतम तह अध्ययन पूरा गर्नु भएकोले म्यान्मार सरकारबाट वि.सं. २०१९ मा शासनध्वज धम्मचरिय पदवी प्रदान गरिएको थियो । स्वदेश नेपालमा फर्के धर्मप्रचार प्रसार गर्नु भए वापत उहाँलाई वि.सं. २०५१ मा 'अग्ग महागन्थवाचक पण्डित पदवी म्यान्मार सरकार बाट प्रदान गरियो । नेपाल भाषाको सेवा गरेवापत वि.सं. २०५६ मा 'भाषाथुवा' सिरपा, नेपालभाषा परिषदबाट प्रदान गरियो । यसै गरी उहाँ 'ज्ञानमाला रत्नवत सिरपा आदि विभिन्न मान पद्वीबाट सम्मानित हुनुहुन्छ ।

**पुनः निर्मित धर्मकीर्ति विहार :**

शुद्ध बुद्ध धर्म अध्ययन गरी नेपाल फर्कनु भएपछि धर्मकीर्ति विहारको स्थापना गर्नुभई धर्म प्रचार प्रसार कार्यमा लाग्नु भयो । फलस्वरूप धर्मकीर्ति विहारमा कार्यक्रम हुँदा श्रद्धालु उपासक उपासिकाहरूको संख्या



Downloaded from http://www.dhamma.digital

बढ्दै गयो । कार्यक्रममा हल भित्र नअटी उपासक उपासिकाहरूलाई उपदेश सुन्न भऱ्याङ्ग श्रीघ चैत्य परिसर र कोहि असहज तरिकाबाट धर्म श्रवण गर्नुपरेको दृष्यले श्रद्धालु उपासक द्रव्यमान सिंह तुलाधर (भाइ राजा) साहुजीको मनमा छोयो । पुरानो विहार भत्काइ नयाँ विहार निर्माण गरिदिने प्रस्ताव धम्मवती गुरूमां समक्ष राख्नु भयो । धम्मवती गुरूमां लगायत विहारमा बसोबास गर्ने अन्य गुरूमांहरू,पूर्व विहार दाताहरूको सहमतिमा पुरानो विहारको भवन भत्काई वि.सं. २०५७ पौष २२ गते शनिवार परित्राण पाठ गरी नयाँ भवनको शिलान्यास गर्नुभयो । सम्पूर्ण आर्थिक भार दाता परिवारले लिई वि.सं. २०५९ साल मंसिर ७ गते ४ तल्ले पक्की भवन निर्माण गरी भव्यताका साथ महापरित्राण गरी पुनः निर्मित विहार दान गरियो । 'धर्मकीर्ति विहारको संरक्षणको लागि वि.सं. २०४५ मा धर्मकीर्ति विहार संरक्षण समिति स्थापना गरिएको थियो । वि. सं. २०४८ सालको विधान खारेज गरि वि.सं. २०५९ जेठ १६ मा धर्मकीर्ति विहार संरक्षण कोषको स्थापना गरियो । यस कोष अन्तर्गत सञ्चालित शाखाहरू यसरी छन् –

(१) धर्मकीर्ति विहार
(२) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
  (क) धर्मकीर्ति पुस्तकालय
  (ख) अल्पकालिन प्रव्रज्या कार्यक्रम
  (ग) धर्मकीर्ति शिक्षा सदन
(३) धर्मकीर्ति ज्ञानमाला
(४) परियत्ति शिक्षा
(५) धर्मकीर्ति पत्रिका
(६) धर्मकीर्ति प्रकाशन
(७) धर्मकीर्ति पब्लिक इमेज कमिटी
(८) धर्मकीर्ति स्वास्थ्य कमिटी
(९) धर्मकीर्ति बुद्धपूजा पुचः आदि

यसरी धर्मकीर्ति विहारले विभिन्न हाँगा विंगा बनाई धार्मिक कार्यक्रमहरू संञ्चालन गर्दै आइरहेको छ ।

धम्मवती गुरूमांकै नेतृत्वमा धर्मकीर्ति विहारकै सम्बन्धन प्राप्त विहारमा आफ्नो शिष्यहरूलाई धर्मप्रचार प्रसार गर्नको लागि विहारको जिम्मा लगाई आफ्नो बोझलाई हलुंगो पार्नु भएको छ ।

ती विहारहरू यसरी रहेका छन् ।[३]

| स्थापना | विहार | गुरुमां |
|---|---|---|
| २००८ | निर्वाणमूर्ति विहार | डा. धम्मविजय गुरूमां |
| २०३९ | धर्मकीर्ति वसुन्धरा, विहार वसुन्धरा | कुसुम गुरूमां |
| २०४७ | पद्ममकीर्ति विहार, कमल पोखरी | कमला गुरूमां |
| २०५३ | गौतमी विहार, लुम्बिनी | सुजाता गुरूमां |
| २०५३ | सुलक्षणकीर्ति विहार, चोभार | डा. अनोजा गुरूमां |

**निष्कर्ष :**

१४ वर्षको कलिलो उमेर देखि आफ्नो सम्पूर्ण जीवन बुद्ध शासनको लागि योगदान दिई निरन्तर रूपमा ८३ वर्षको उमेरमा पनि उतिकै जोश जाँगरकासाथ शासनलाई योगदान दिदैं आउनु भएको छ। उहाँ शासनिक योगदान तथा शुद्ध धर्म र संघको मैत्रीको आनुभावले सदा निरोगी दीर्घायुको कामना गर्दछु । ❖

३. प्रीतिवती, रमेश्वरी, अवधारणा पत्र, धर्मकीर्ति विहार (२०६९) पृ. १ र-२० ।


*सन्दर्भ सामाग्रीहरू -*

*(१) गुरूमां, महर्जन, प्रीतिवती, रामेश्वरी, बुद्ध धर्मः, महाप्रजापति गौतमीको योगदान धम्मवती गुरूमांको योगदान एक दिवसिय गोष्ठी अवधारणा पत्र २०६९, धर्मकीर्ति विहार श्रीघः नः घल, २०७० ।*

*(२) वीर्यवती, भिक्षुणी, भिक्षुणी धम्मवती प्रव्रजित हुन भएको ५० वर्ष भएको स्वर्ण जयन्ती, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०५६ ।*

*(३) तुलाधर रीना, चिरे तिष्ठतु सद्धम्मो, धर्मकीर्ति विहार, २०५९ ।*

*(४) तुलाधर रीना, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०५३ ।*




Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

### ध्यानकुटी विहारमा शनिवारीय कक्षा

*२०७३ पुष २३ शनिवार*

*प्रस्तुती- दीना कंसाकार*

यस दिनको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कक्षा बनेपाको ध्यानकुटी विहारमा सम्पन्न भयो । गोष्ठीको सचिव लोचनतारा तुलाधरले गुरूवर, गोष्ठीका धम्मानुशासक भिक्षु अश्वघोष महास्थविरको सुस्वास्थ्य कामना एवं भन्तेबाट प्रवचन सुन्ने उद्देश्यले ध्यानकुटी विहारमा कक्षा संचालन गर्न आएको कारण खुलासा गर्दै स्वागत मन्तव्य दिनुभयो ।

पूज्य भिक्षु अश्वघोष महास्थविरले वि.सं. २०२८ सालमा गोष्ठीको स्थापना काल देखिको कुरा सम्झना गर्नु हुँदै गोष्ठीका शिष्य शिष्याहरू अटल श्रद्धावान् हुनुको साथै राम्रो आचरणका भएको कुरामा गर्व गर्नु भयो । भन्तेले प्रवचनको क्रममा शील आचरण राम्रो गर्नुमा नै जोड दिनु भई सँधै धर्म आचरण राम्रो होस् भनेर आशिर्वचन दिनु भयो । उक्त कार्यक्रममा यस गोष्ठीमा आवद्ध हुनुभई स्थायी प्रव्रजित जीवन यापन गर्नु हुने ध्यानकुटी विहारका भिक्षु राहुलले धर्मोपदेश गर्नु भयो ।

गोष्ठीका कोषाध्यक्ष श्यामलाल चित्रकारले अश्वघोष भन्तेले गोष्ठीमा वि.सं. २०३० देखि वि.सं. २०७१ साल सम्म निरन्तर रूपमा चारदशकसम्म कक्षा लिनु भएको विषयको विवरण प्रस्तुत गर्नुभयो । वहाँले संकलन गर्नु भएको विवरण अनुसार २०७१ साल सम्ममा भन्तेले २१४ कक्षा लिनु भएको देखियो। आफ्नो स्वास्थ्यले ठेग्न सकुन्जेल यस प्रकार गोष्ठीमा कक्षा लिनु भई वहाँले गर्नु भएको अतुलनीय योगदान प्रति गोष्ठीका सदस्यहरू जीवनभर आभार रहन्छ भनी श्यामलालज्यूले भन्नुभयो ।

हाल संचालन भइरहेको गोष्ठीको शनिवारिय कक्षा अनुसार मदन रत्न माननधरको कक्षा अन्तर्गत वहाँले अंगुत्तर निकाय ८९ औं कक्षा पनि यहि कार्यक्रम अन्तर्गत शुरू गरियो । वहाँले अंगुत्तर निकायको साधारण परिचय, धम्मदान र भौतिक दान एवं धर्म संग्रह र भौतिक संग्रह बारे बताउनु भई यस मध्ये धर्मदान र धर्म संग्रह उत्तम भएको बताउनु भयो ।

संयोजक रामकुमारी मानन्धरले धन्यवाद दिने सिलसिलामा यहाँसम्म आउनु भई बुद्ध शिक्षा हासिल गर्नु भएका सबैलाई धन्यवाद दिनु भयो र विशेषतः जलपान र भोजन व्यवस्था मिलाउनु हुने रमा कंसाकारलाई धन्यवाद दिनु भयो ।

अरूण सिद्धि तुलाधरद्वारा संचालित उक्त कार्यक्रम पुण्यानुमोदन बाट विसर्जन गरियो ।

### अप्पमाद वर्ग

*२०७३ चैत्र २६ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राजभाई तुलाधर*

अप्रमाद भगवान बुद्धको उपदेशको मूल तत्त्व हो भन्नुमा शायद कुनै अतिसयोक्ति नहोला । भगवानले आफ्नो जीवनको अन्तिम वचनमा भिक्षुहरूलाई अप्रमादी भएर आफ्नो कार्य सम्पादन निरन्तर गर्दै रहनु भनी उपदेश दिनु भएको थियो । धम्मपदको अप्पमाद वर्गको निम्न गाथाहरू जुन भगवानले विभिन्न प्रसंगहरूमा भन्नु भएको थियो ती सबै मनन् योग्य छन् ।

**पमादं अप्पमादेन, यदा नुदति पण्डितो ।**
**पञ्ञापासादमारूय्ह असोको सोकिनि पजं ।**
**पब्बतट्ठोव भुम्मट्ठे, धीरो बाले अवेक्खति ॥**

जव पण्डितले प्रमादलाई अप्रमादले नाश गर्दछ तव उसले प्रज्ञारूपी दरवारको कौसीमा चढेर आफु शोक रहति भइ अरू शोकग्रस्त मानिसहरूलाई देख्दछ, जसरी पर्वतको टुप्पामा बसेको व्यक्तिले भूमिमा बसे काहरूलाई देख्दछ ।

**अप्पमत्तो पमत्तेसु, सुत्तेसु बहुजागरो ।**
**अबलस्संव सीघस्सो, हित्वा याति सुमेधसो ॥**

प्रमादीहरूको बीचमा अप्रमादी, सुतिरहेकाहरूको बीचमा जागृत व्यक्ति, निर्वल घोडाहरूको बीचमा बलवान घोडा संधै अगाडि भए जस्तै विद्वानहरू संघै अगाडि नै हुन्छन्, पछि पर्दैनन् ।

**अप्पमादेन मघवा, देवानं सेट्ठतं गतो ।**
**अप्पमादं पसंसन्ति, पमादो गरहितो सदा ॥**

अप्रमादि भएकोले इन्द्र देवताहरूको राजा भयो,



Downloaded from http://www.dhamma.digital

श्रेष्ठ भयो अप्रमादीहरूको सदा प्रशंसा नै हुन्छ भने प्रमादीहरूको संधै निन्दा हुन्छ ।

**अप्पमादरतो भिक्खु, पमादे भयदस्सि वा ।**
**सञ्ञोजनं अणुं थूलं, डहं अग्गीव गच्छति ॥**

प्रमादमा (इन्द्रिय सुखहरूमा) भय देखेर संधै अप्रमादी भइरहने भिक्षुले संसार चक्रमा घुमाइराख्ने सानो ठूलो सबै संयोजन (बन्धन)लाई अग्निले भष्म गरे जस्तै भष्म गर्दै अगाडि जान्छ ।

**अप्पमादरतो भिक्खु, पमादे भयदस्सि वा ।**
**अभब्बो परिहाणाय, निब्बानस्सेव सन्तिके ॥**

प्रमादमा भय देखेर संधै अप्रमादी भइरहने भिक्षुको कुनै परिहानी हुने छैन, उ झन झन निर्वाणको नजिकै पुग्दै जान्छ ।

हामी आफ्नो सबै कृयाकलापहरू संधै होशपूर्वक गर्नु पर्दछ, यसमा कुनै दुइ मत छैन । तर भगवानले संधै अप्रमादी हुनु पर्छ भन्नु भएको सांसारिक कार्यहरूमा मात्रै नभएर निर्वाणको बाटोमा अग्रसर गराउने चारवटा स्मृतिप्रस्थान भावनामा अप्रमादी भएर निरन्तर लाग्नु पर्छ भन्नु भएको हो ।

## यमकवग्गो

*२०७४ बैशाख ३० गते, शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य*
*प्रस्तुती- राज भाइ तुलाधर*

धम्मपदको यमक वर्गमा भगवान् बुद्धद्वारा बाचित ती गाथाहरू जोडी बनाएर संकलन गरिएका छन् जसमा दुईवटा विपरित परिणाम आउने अवस्थाहरू उल्लेख गरिएका छन् ।

**मनोपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया ।**
**मनया चे पदुट्ठेन, भासति वा करोति वा ।**
**ततो नं दुक्खमन्वेति, चक्कंव वहतो पदं ॥**

जुनसुकै काममा पनि अगाडि जानु मनको धर्म हो । सबै मन द्वारा निर्मित हो, मन नै प्रमुख, प्रधान हो । यदि कसैले दुष्ट मनले केही वचन बोल्छ अथवा केही काम गर्छ भने बैलको पछाडि गाडाको पांग्रा निरन्तर आए जस्तै उसको पछाडि दुःख आइरहन्छ ।

चक्खुपाल भिक्षु अरहन्त भइसके पछि पनि पूर्वजन्मको कर्म विपाकका कारण अन्धा भएको थियो । वहाँकै प्रसंगमा भगवान्ले माथिको गाथा भन्नु भएको थियो ।

**मनोपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया ।**
**मनसा चे पसन्नेत, मासति वा करोति वा ।**
**ततो नं सुखमन्वेति, छाया व अनपायिनी ॥**

यो गाथामा पनि मनलाई महत्व दिंदै भनिएको छ कि यदि कसैले प्रसन्न अर्थात निर्मल मनले केही वचन बोल्छ अथवा केही काम गर्छ भने छायाले कहिल्यै नछोडे जस्तै उसको पछाडि सुख आइरहन्छ ।

यो गाथा भगवानले मट्ठकुण्डलीको प्रसंगमा भन्नुभएको थियो जसले आफ्नो जीवनको अन्तिम क्षणमा भगवान बुद्ध प्रति असीम श्रद्धा राखेर प्राण त्याग गरेको थियो । फलस्वरूप उसको अर्को जन्म तावतिंस देवलोकमा भएको थियो ।

**अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।**
**ये च तं उपनय्हन्ति, वेरं तेसं नं सम्मति ॥**
**अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासिमे ।**
**ये च तं नुपनय्हन्ति, वेरं तेसूपसम्मति ॥**

जसले मलाई गाली गऱ्यो, मलाई हमला गऱ्यो, मलाई जित्यो, मलाई लुट्यो आदि भनेर बारम्बार सोचिरहन्छ, उसको मन कहिल्यै शान्त हुँदैन र फलस्वरूप आफ्नो दुःख आफै बढाइरहेको हुन्छ । जसले यसरी सोच्दैन उसको मन शान्त हुन्छ र उसलाई दुःख पनि हुंदैन ।

थुल्लतिस्स भिक्षु उमेर धल्की सकेपछि प्रव्रजित भएकोले अरू जवान भिक्षुहरूभन्दा कनिष्ठ थियो । तर बाहिरबाट आउने धेरै जसो आगन्तुक भिक्षुहरूले बृद्ध भिक्षुलाई देखेर ज्येष्ठ ठानी आदर गर्ने गर्दथ्यो । कसै कसैले चाहीं आफुभन्दा कनिष्ठ भन्ने थाहा पाएर उसलाई आदर गर्दैनथ्यो । यस कुरालाई लिएर उ ती भिक्षुहरूसंग झगडा गर्दथ्यो । उसको व्यवहार बारे कसैले केही भन्यो भने उ रूदै बुद्धकहाँ गएर सिकायत गर्दथ्यो । पछि अरू भिक्षुहरूले पनि उसको स्वभावको वारेमा बुद्धलाई भन्न गयो । तव भगवानले थुल्लतिस्स र अरू भिक्षुहरू सबैलाई संम्झाउदै माथिको गाथाहरू भनेर उपदेश दिनु भयो । उपदेशको अन्तमा भिक्षुहरूले श्रोतापत्ति फल प्राप्त गरे ।



Downloaded from http://www.dhamma.digital



फोटो- वीर्यवती

*भिक्षुणी धम्मवतीबाट ब्राजिलकी राजदूतलाई सम्झनाको चीनो प्रदान गर्नुहुँदै*

# धर्मकीर्ति विहारमा ब्राजिल राजदूतलाई स्वागत

२०७४ जेठ ११ गते, विहीबार

यसदिन नेपालका लागि ब्राजिलकी राजदूत मारिया तेरेसालाई धर्मकीर्ति विहारमा संचालित बुद्धपूजा कार्यक्रममा धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष द्रव्यमान सिंह तुलाधरले स्वागत गर्नुभएको थियो ।

धर्मकीर्ति संरक्षण कोषको आयोजनामा संचालित उक्त कार्यक्रममा कोषका सदस्य मदन रत्न मानन्धरले उद्घोषण गर्नुभएको थियो भने अर्का सदस्य नविन चित्रकारले राजदूतको परिचय प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै राजदूत टेरेसाले भन्नुभयो–

“म १२ वर्षको उमेरमा स्कुल पढ्दै गर्दा इतिहास शिक्षकले मलाई भगवान् बुद्धको जीवनी विषयमा निबन्ध लेख्ने गृहकार्य दिनुभएको थियो । त्यसबेला मैले यस कार्यको लागि मेरी आमासंग सहयोग लिएकी थिएँ ।

बुद्ध धर्म विषयमा यसबेला देखि जानकारी लिदै गएँ ।”

उहाँको मन्तव्य अनुसार उहाँले ब्राजील लगायत भारत स्थित मुम्बईको कर्णाटकको बौद्ध गुम्बाहरूमा पनि जानुभई बुद्ध शिक्षा विषयमा अध्ययन गर्नु भएकी थिइन् । बुद्ध शिक्षामा अत्यन्त श्रद्धा राख्नुहुने मारियाले बुद्ध शिक्षा चीरस्थाई गर्ने कार्यका लागि आफूले सक्दो मेहनत गर्दै रहेको विषयमा उल्लेख गर्नुहुँदै बुद्ध जन्मभूमी नेपालमा आफू राजदूतको रूपमा आउन पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

राजदूत मारिया टेरेसाले व्यक्त गर्नुभएको सम्वोधनलाई धर्मकीर्ति संरक्षण कोषका कोषाध्यक्ष अजय रत्न स्थापितले नेपाल भाषामा अनुवाद गर्नुभएको थियो ।



फोटो- वीर्यवती

*राजदूत मारिया आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै*

कार्यक्रमको अन्त्यमा कोषका अध्यक्ष भिक्षुणी धम्मवतीले ओवाद दिने क्रममा कूटनीति जस्तो ग्रहण जिम्मेवारी वहन गर्नुहुँदै बुद्ध शिक्षा जस्तो गहण शिक्षा पनि अध्ययन गरिरहनु भएकी राजदूतलाई स्वागत गर्न पाउनुमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रममा भिक्षुणी धम्मवतीले राजदूतलाई सम्झनाको चीनो पनि प्रदान गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ज्ञानमाला भजनको गतिविधि

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

(१) धर्मकीर्ति ज्ञानमाला भजनको विभिन्न गतिविधिहरू विषयमा समाचार प्राप्त भएका छन। प्राप्त समाचार अनुसार बि.सं. २०७३ साल चैत्र २२ गते तद्नुसार ने.सं. ११३७ चौलाथ्व अष्टमीका दिन मैत्री बोधिसत्त्व महाविहार जमलमा श्रद्धेय केशावती गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो। धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा पूर्णहेरा पुचःले जलपानको व्यवस्था मिलाउनु भएको थियो भने धर्मकीर्ति ज्ञानमाला भजन समूहलाई रू. २०००।– चन्दा प्रदान गर्नुभएको थियो।

(२) वि.सं. २०७४ साल वैशाख १६ गते शनिवार। तदनुसार ने.सं. ११३७ बछलाथ्व तृतीयाका दिन बुरांख्यः ल्यायम्ह पुचःका अध्यक्ष विजय कुमार शर्माको निमन्त्रणामा बुरांख्यःमा धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत भएको थियो। गुरू पन्नाकाजीले दातालाई खाडा ओढाइ सम्मान गर्नु भएको थियो भने दाता श्री शर्माले धर्मकीर्ति ज्ञानमालालाई रू ३०००।– चन्दा प्रदान गर्नुभएको थियो।

(३) बि.सं. २०७४ बैशाख २१ गते तदनुसार ने.सं. ११३७ बछलाथ्व नवमीका दिन २५६१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा साप्ताहिक बुद्धपूजा कार्यक्रम संचालन गरी धर्मदेशना गर्ने कार्यक्रम पनि संचालन भएको थियो। यस कार्यक्रमको शिलशिलामा काठमाडौंका ज्यापु तुं मा ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो बुद्ध जयन्ती समारोह समितिवाट आयोजित उक्त कार्यक्रममा समितिको तर्फबाट भजन समूहलाई रू २०००।– चन्दा प्रदान गरिएको थियो। यसरी नै भजन सामान ओसार्नको लागि रू. १०००।– पनि प्रदान गर्नुभएको थियो।

(४) वि.सं. २०७४ वैशाख २३ गते तद्नुसार ने.सं. ११३७ बछलाथ्व एकादशी का दिन बुद्ध सं. २५६१ औ बैशाख पूर्णिमाको उपलक्ष्यमा बौद्ध संगीत जागरण समिती पिम्वहाल ललितपुरमा आयोजित त्रिरत्नकीर्ति विहार समग्र ज्ञानमाला भजन खलः गुतःपौ कीर्तिपूरको व्यवस्थापनमा नवौं बौद्ध संगीत जागरण कार्यक्रम २०७४ मा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःको तर्फबाट ज्ञानमाला भजन प्रस्तुत भएको थियो।

(५) २०७४ वैशाख २४ गते तद्नुसार ने.सं. ११३४ बछलाथ्व द्वादसीका दिन ध.बौ.ज्ञा.भ.का सदस्य नीलम शाक्यबाट उहाँका दिवंगत माताको २ वर्षिय पुण्यतिथीको उपलक्ष्यमा उहाँको बुबा ज्ञानरत्न शाक्यबाट धर्मकीर्ति ज्ञानमाला भजनलाई निमन्त्रणा गरी भजन प्रस्तुत गराउनु भएको थियो। दाताको तर्फबाट ज्ञानमाला भजनलाई रू. २०००।– चन्दा प्रदान गरी भजन समूहलाई माइक्रोवसको पनि व्यवस्था गर्नुभएको थियो।

कार्यक्रममा ज्ञानमाला भजनका गुरू पन्नाकाजी शाक्यले दाता ज्ञानरत्नलाई खाडा ओढाई सम्मान गर्नुभएको थियो भने धर्मकीर्ति ज्ञानमाला भजनका सचिव प्रेमलक्ष्मीले उहाँलाई चैत्य प्रदान गर्नुभएको थियो।

(६) २०७४ वैशाख २६ गते तद्नुसार ने.सं. ११३७ बछलाथ्व चतुर्दशीका दिन २५६१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा नगदेश बुद्ध विहार मध्यपुर थिमी स्थित ज्ञानमाला भजन समूहको निमन्त्रणामा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत भएको थियो। थिमी ज्ञानमाला भजनका अध्यक्ष रत्न भक्त हाँयजुले ज्ञानमाला भजनका उपाध्यक्ष श्याममान बज्राचार्यलाई खाडा ओढाई सम्मान पत्र प्रदान गर्नु भएको थियो।

(७) २०७४ जेठ ३ गते तद्नुसार ने.सं. ११३७ बछलागाः षष्ठीका दिन ध.बौ.ज्ञा.भ समूहका सदस्य रत्न शोभा महर्जनले बुबा आशा नारां महर्जन, माता लक्ष्मी महर्जनको १७ औं पुण्य तिथिको उपलक्ष्यमा धर्मकीर्ति ज्ञानमालालाई निमन्त्रणा गरिएको थियो। त्यागवती गुरूमां लगायत अन्य गुरूमांहरूबाट परित्राण पाठ गर्नुभएको उक्त कार्यक्रममा गुरू पन्नाकाजी शाक्यले रत्न शोभाका दाजुभाईहरूलाई खाडा ओढाई सम्मान गरी कोषाध्यक्ष बुद्धरत्न कसाःबाट चैत्य प्रदान गर्नुभएको थियो।

दाता परिवारको तर्फबाट ज्ञानमाला भजनलाई रू १५१५/– चन्दा प्रदान गर्नुभएको थियो।

- **"मेरो चित्त सुसमाहित छ, मसँग अहिले ज्ञान छ। सम्यक धर्मलाई राम्रोसँग दर्शन गरें। स्त्रीभाव भएर के भो र !" – सोमा थेरी**



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## २५६१ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न

(१) **धर्मकीर्ति विहार–**
२५६१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहार बाट विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएका छन–

### (क) वीर अस्पतालका विरामीहरूलाई विस्कुट, पानी एवं जूस वितरण–

२५६१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा वैशाख २७ गते, धर्मकीर्ति विहारबाट बीर अस्पतालका विरामीहरूलाई विस्कुट पानी एवं जूस प्रसाद वितरण गरिएको थियो । धर्मकीर्ति विहारका गुरूमांहरू लगायत उपासकोपासिकाहरूको तर्फबाट हरेक वर्ष यसरी नै विरामीहरूको लागि प्रसाद वितरण गर्ने कार्य निरन्तर रूपमा चल्दै आइरहेको छ ।

### (ख) ३६ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न

धर्मकीर्ति विहारको ५२ औं जन्मोत्सब र २५६१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा २०७४ साल वैशाख २३ गते शनिबार का दिन धर्मकीर्ति विहारको धम्महलमा ३६ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमको विस्तृत विवरण धर्मकीर्ति पत्रिकाको अर्को अंकमा प्रस्तुत गरिने छ ।

(२) **ध्यानकुटी विहार–**

२५६१ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा ध्यानकुटी विहारबाट शिरमेमोरियल अस्पतालका विरामीहरूलाई निरोगी कामना गरी विस्कुट र फलफुल प्रसाद वितरण गरिएको समाचार छ ।

(३) **नगदेश बौद्ध समूह थिमी–**

ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा २५६१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा प्रवचन कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

प्राप्त समाचार अनुसार प्रमुख अतिथी श्रद्धेय केशावती गुरूमां एवं विशेष अतिथी श्रद्धेय खेमावती गुरूमांको समुपस्थितीमा बौद्ध ल्यायम्ह पुचः नगदेशका अध्यक्ष शिव भक्त मेजुले स्वागत गर्नुभएको उक्त कार्यक्रममा समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले वैशाख पूर्णिमाको महत्त्व विषयमा प्रवचन दिनुभएको थियो ।

कार्यक्रमका अतिथि डा. अनुप श्रेष्ठाचार्य र माननीय न्यायाधिश लक्ष्मी कृष्ण श्रेष्ठले बुद्ध पूर्णिमाको विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । सो पश्चात् विशिष्ट अतिथि खेमावती गुरूमांले वैशाख पूर्णिमा बुद्धको जीवनकालको ५ वटा संयोग जुरेको दिन भएको र उक्त ५ वटा संयोग मध्ये भगवान बुद्ध हुनुभएपछि प्रथम पटक कपिलवस्तु प्रवेश गर्नु भएको पनि वैशाख पूर्णिमाको दिन नै रहेको विषयमा धर्मदेशना गर्नुभएको थियो ।

प्रमुख अतिथि केशावती गुरूमांले उपासिका सानुमाया प्रजापतिलाई दोसल्ला ओढाई सम्मान गरिएपछि बौद्ध परियत्ति शिक्षा अन्तरगत कक्षा ३ मा बोर्ड प्रथम ल्याउन सफल सरीना बाडेलाई सम्मान गरिएको उक्त कार्यक्रममा समूहका अध्यक्ष दीपकराज सांपालले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

कार्यक्रममा अस्थिधातु प्रदर्शन गर्नुका साथसाथै बुद्ध मूर्ति खटमा राखी नगर परिक्रमा पनि गरिएको विषयमा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

(४) **हाँडिगाउँ – २०७४ वैशाख २७ गते ।**

२५६१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा हाँडिगाउँमा सप्ताहव्यापी धार्मिक शैक्षिक तथा साँस्कृतिक कार्यक्रमहरू सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार बुद्ध पूजा पछि बुद्ध मूर्ति सिंगारिएको रथ सहितको ज्यालीले नगर परिक्रमा गरिएको थियो । सो पश्चात् भिक्षु पुण्णको सभापत्तित्त्व एवं प्रा. सुवर्ण शाक्यको प्रमुख अतिथित्त्वमा एक सभा आयोजना गरी प्रमुख अतिथीको तर्फबाट बौद्ध चित्रकला प्रतियोगिता तथा बौद्ध हाजिर जवाफ प्रतियोगितामा विजयी हुन सफल विद्यार्थीहरूलाई पुरस्कार र प्रमाण पत्र प्रदान गराइएको थियो ।

यसरी नै नर बुद्धविहार निर्माणकार्यमा सहयोग गर्ने दाताहरूलाई सभापतिको तर्फवाट सम्मान पत्र र उपहार प्रदान गरिएको उक्त कार्यक्रममा स्वास्थ्य शिविरमा संयोजक नियो हेल्थ क्लिनिक एण्ड ल्याबमा अध्यक्ष श्री सूर्य कुंवरलाई पनि सम्मान गरिएको थियो । यसरी नै नरः बुद्धविहारमा बुद्ध मूर्ति प्रदान गर्नुहुने दाता मोतिलाल शिल्पकारलाई भिक्षु पुण्णले सम्मानपत्र र उपहार पनि प्रदान गर्नुभएको थियो

सभामा समितिका उपाध्यक्ष श्री सूर्यलाल प्रजापतिले स्वागत गर्नु भएको थियो भने अर्का उपाध्यक्ष श्यामलाल चित्रकारले धन्यवाद ज्ञापन गर्नु भएको



Downloaded from http://www.dhamma.digital

थियो। यसरी नै महासचिव नरेश डंगोलले उक्त कार्यक्रम संचालन गर्नुभएको थियो।

(५) **स्वयम्भु चैत्य महाविहार धरान-१२**

*२०७४ वैशाख २७ गते*

२५६१ औं बुद्ध पूर्णिमा तथा २६४१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा स्वयम्भू चैत्य महाविहार धरानले साप्ताहिक कार्यक्रम मनाइएको समाचार प्राप्त भएको छ। उक्त साप्ताहिक कार्यक्रम अनुसार विहार सरसफाई, १ दिने ध्यान शिविर उर्लावारी स्थित श्री स्वयम्भु चैत्य बुद्ध महाविहारको २५ औं वर्षिय जन्मोत्सवको उपलक्ष्यका रजत जयन्ती समारोह पनि सम्पन्न गरिएको थियो। यसरी नै शाक्य कल्याण संस्थाको संयोजकत्त्वमा ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो भने स्वयम्भू चैत्य महाविहार भित्र आबद्ध संस्थाका सदस्यहरू बिच बौद्ध हाजिर जवाफ प्रतियोगिता सम्पन्न गरिएको थियो। सम्यक शिक्षा समूहको संयोजकत्त्वमा रक्तदान कार्यक्रम सम्पन्न गरियो भने कल्पवृक्ष दान तथा दाफा भजन खलः द्वारा दाफा भजन पनि सम्पन्न गरिएको थियो।

वैशाख २७ गते बैशाख पूर्णिमाको दिन शाक्य कल्याण संस्थाको संयोजकत्त्वमा आयोजित एक विशेष कार्यक्रममा पञ्चशील प्रार्थना, आभासवती गुरूमांको तर्फबाट बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न भएको थियो।

यही क्रममा वि.सं. २०७३ सालको परियत्ति परिक्षामा उत्तिर्ण हुन सफल सबै विद्यार्थीहरूलाई प्रमाण पत्र तथा पुरस्कार वितरण गरिएको थियो।

यही क्रममा वि.सं. २००३ सालको परियत्ति परिक्षामा उत्तिर्ण हुन सफल सबै विद्यार्थीहरूलाई प्रमाण पत्र तथा पुरस्कार वितरण गरिएको थियो।

(६) **धुलिखेल–**

*वैशाख १८ गते सोमबार।*

बौद्ध शिक्षा तथा सामाजिक विकास केन्द्रको आयोजनामा २५६१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धुलिखेल कारागारमा बुद्धपूजा कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार भिक्षु राहुल एवं श्रद्धाचारी गुरूमांको प्रमुख अतिथित्त्वमा संचालित उक्त कार्यक्रममा कार्यक्रम संयोजक तथा महासचिव विजय रत्न तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

भिक्षु राहुलबाट पञ्चशील प्रार्थना गराउनुभई बुद्धपूजा र धर्मदेशना प्रश्चात् उपासक जुजुभाई तुलाधर, डा. त्रिरत्न मानन्धर धुलिखेल कारागार चौकिदार अर्जुन थापा र सूरज थापा, कारागारका सुरक्षा प्रमुख अ.स.ई. किशोरी शाह लगायत अन्य विशेष अतिथी, कारागारका कार्यालय प्रमुख जेलर महेश कुमार पोखरेल आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए।


सो पश्चात् सामाजिक विकास केन्द्रका का.बा. अध्यक्ष पद्म तामाङ्गले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो।

२३८ जना कैदीहरू रहेको उक्त कारागार ३ वटा ब्लकमा विभाजन गरिएका छन्। युवा, वृद्ध र अधवैंश उमेरका उक्त कैदीहरूलाई शीपमूलक कार्य दिनका लागि आवश्यक कच्चा पदार्थहरू उपलब्ध गराई, ऊनको धक्की, बस्ने मूढा थुम्चे, कुचो आदि बनाई विक्री कक्षमा राखिएका पनि छन्।

वि.सं. २०५९ साल देखि नै उक्त कारागारमा वैशाख पूर्णिमाको उपलक्ष्यमा बुद्धपूजा कार्यक्रम संचालन गर्दै आइरहेको कुरा जानकारीमा आएको छ।

– ❦ –

## चन्द्रशीला गुरुमां दिवंगत हुनुभयो



पाटनस्थित संघरक्षिता विहारमा रहँदै आउनु भएकी चन्द्रशीला गुरुमां जेठ १९ गते ८९ वर्षको उमेरमा दिवंगत हुनुभयो। बि.सं. १९८५ मा जन्मनुभएकी चन्द्रशीला गुरुमां बि.सं. २०४० कार्तिक २ गते प्रव्रजित गुरुमां हुनुभएको थियो। उहाँको पार्थिव शरीरलाई गत २०७४ जेठ २० गते शनिवारका दिन दाह संस्कार गरिएको थियो।

भिक्षु महासंघका संघ उपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको समुपस्थितिमा भिक्षु भिक्षुणी संघबाट सामुहिक परित्राण पाठ गरेपश्चात् भिक्षु भद्दियबाट संसारको त्रिलक्षण स्वभाव विषयमा धर्मदेशना भएको थियो। सो पश्चात् दिवंगत गुरुमांको पुण्य स्मृतिमा दान प्रदान गरी पुण्यानुमोदन गरिएको थियो। त्यसपछि कार्यक्रममा उपस्थित सहभागीहरूबाट दाग वत्ति चढाई अन्त्येष्ठी कार्यक्रम सम्पन्न गरिएको थियो।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. ५/०७३/७४

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुन्हि :*
*वि.सं. २००३ भाद्र ११ गते,*
*सोमबार*
*बडेगाल गल्ली, स्वयम्भू,*
*काठमाडौं*

*मदुगुन्हि :*
*वि.सं. २०७३ चैत्र १५ गते,*
*मंगलबार*

# दिवंगत चिनिया देबी कंसाकार

अनन्त गुणं जाःम्ह ममतामयी जिमी माँ **चिनिया देबी कंसाकार** दिवंगत जुयादिल । दिवंगत जुयादीम्ह जिमि मां चिनिया देबी कंसाकारयात लुमंकाः सुखावति भुवनसं बास लाय्मा धकाः निर्वाण कामना यासे थुगु दुःखया इलय् दुःखं कया च्वंपिं सकल छेँजः पिन्त नुगः तयेया निंति विचाः हाय्का बिज्यापिं, दिइपिं सकल थःथिति, जःला खःला व पासापिंत सुभाय् देछासें दिवंगत जिमि मां चिनिया देबी कंसाकारयात निर्वाण प्राप्त जुय्मा धकाः पुण्यानुमोदन यानाच्वना ।

*कायपिं : – भौपिं :*

**रत्न सागर कंसाकार – नीरा कंसाकार**
**बिद्या सागर कंसाकार – सुनिता कंसाकार**
**अमृत सागर कंसाकार – प्रीति कंसाकार**

*छ्यपिं :*

**प्रियंका कंसाकार व प्रशंसा कंसाकार**
**विवेक सागर कंसाकार व सोनु कंसाकार**
**अजुब सागर कंसाकार**

*म्ह्याय् : – जिलाजं :*

**अन्जु तुलाधर – अमर तुलाधर**

*छ्यपिं :*

**अमरि मान तुलाधर व आयुष मान तुलाधर**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



साभारः बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

बोधिज्ञान प्राप्त गर्नुभएपछि सात हप्तासम्म निराहार रहनु भएका भगवान् बुद्धलाई हालको म्यानमार स्थित उक्कलाप नगरका ब्यापारीहरू तपुस्स र भल्लिकले राजायतनको वृक्ष मुनि श्रद्धापूर्वक सत्तु आहार चढाउँदै ।

वर्ष-३५; अङ्क-२

बु.सं. २५६१, ज्याः पुन्हि

Downloaded from http://www.dhamma.digital

## आवरण चित्र परिचय

# तपुस्स र भल्लिक

*लेखक-* **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद-* **वीर्यवती**

भारतको उक्कल (उत्कल–उडीसा) जनपदबाट ब्रह्मदेशको इरावती नदीको मुहान तर्फ गएका सबैले त्यहाँ जुन नगर बनायो, त्यसलाई उनीहरूले आफ्नो देशको सम्झनामा "उक्कल" नाम राख्यो । उक्कल नगरमा अनेक जनपदहरूबाट आएका भारतीय व्यापारीहरू रहने गर्थ्यो । तपुस्स र भल्लिक नाम गरेका दुई दाजुभाईहरू पनि व्यापारको सिलसिलमा त्यहाँ गएर बसेका थिए । तर उनीहरू बाल्हिकका थिए । जुन स्थानलाई आजभोली बलख भनिन्छ । जुन स्थान अफगानिस्तानको मजारेशरीफबाट अठार कि.मी. पश्चिममा पर्दछ ।

भगवान् बुद्धले सम्यक सम्बोधि-प्राप्त गर्नु भएको अवस्थामा उक्कलाप त्यहाँका राजा थिए । तपुस्स र भल्लिक दुबै दाजुभाई त्यहाँ आफ्नो व्यवसाय चलाउने गर्थे। यी दुबैले आफ्नो व्यापारको सिलसिलामा त्यहाँबाट भारत बारम्बार आउने जाने गर्थे। ताम्रलिप्तिसम्म समुद्री डुंगाबाट ल्याएका वर्मी सामानलाई भारतमा बेच्नका लागि उनीहरूले पाँचसय बैलगाडीहरूमा राखेर उरूवेलबनबाट गइरहेका थिए । तब त्यहाँ उनीहरूले सम्यक सम्बुद्धलाई दर्शन गर्न पाएका थिए । त्यसबेला सम्म भगवान् बुद्धले सम्यक सम्बोधिको मुक्ति सुखमा सात हप्ता बिताइसक्नु भएको थियो । त्यसैले उहाँ बोधिवृक्ष नजिकको राजायतन वृक्षको मुनि बसिरहनु भएको थियो । ती दुबै दाजुभाईहरूले भगवान् बुद्धलाई वर्मा देशको चामल र मह मिलाएर बनाइएको सत्तु, भोजन हेतु दान दिए । भगवान् बुद्धले सम्यक सम्बोधि प्राप्त गरिसक्नु भएपछिको यो पहिलो भोजन हुन पुग्यो । ती दुबै दाजुभाईले भगवान् बुद्धबाट उहाँको शीरको आठवटा केश धातु प्राप्त गरे । यसलाई संगाल्दै उनीहरू तत्काल उक्कला फर्के र त्यहाँका राजा उक्कलापलाई अर्पण गरे । राजा उक्कलापले बोटठौं, सूले र मुख्यतया: श्वेडगों स्तूप निर्माण गरी यसको गर्भमा भगवान् बुद्धको केश धातु ससम्मान संस्थापित गरिदिए । यसलाई त्यहाँका जनताले आज सम्म पनि पूजा गर्दै आइरहेका छन् ।

तपुस्स र भल्लिकले त्यस समय भगवान् बुद्ध समक्ष पञ्चशील प्रार्थना त गरे तर उहाँबाट धर्मदेशना सुन्ने प्रार्थना गर्न जानेनन् । त्यसैले भगवान् बुद्धले वाराणशी स्थित मृगदावनमा प्रथम पटक धर्मदेशना दिनु भएको थियो । भगवान् बुद्धको केश धातु उक्कलापमा स्थापित गरिसकेपछि ती दुबै दाजुभाई फेरि मगध देशमा आए र राजगिरीमा उनीहरूले भगवान् बुद्धबाट धर्मशिक्षा प्राप्त गरे । फलस्वरूप भल्लिक त प्रव्रजित नै भई अनास्रव अरहन्त हुन सफल भए । तपुस्स स्रोतापन्न भए र गृहस्थ नै वनी आफ्नो व्यापार चलाइरहे । आफ्नो पनि उद्धार गरी उनीहरूले अनेक मानिसहरूको लागि धर्मसेवा कार्यमा संलग्न रहन थाले । यिनीहरू दुईजनाको माध्यमबाट नै बुद्ध शिक्षा वर्मा देशमा पहिला भित्रियो । भगवान् बुद्धले यी दाजु– भाईहरूलाई अग्र पदवी पनि दिनुभएको थियो

यी दुई दाजुभाईहरूले म्यानमारमा बुद्धको केशधातु चढाई त्यसवाट बचेका केही केश धातु आफूसंग राखेका थिए जसलाई उनीहरूले आफ्नो जन्मभूमीमा स्तुप बनाई स्थापना गर्न चाहेका थिए । उनीहरूले आफ्नो कर्म भूमी र जन्मभूमी दुबै देशमा भगवान् बुद्धको अनमोल उपहारबाट पवित्र गर्न चाहन्थे ।

त्यसैले यी दुबै दाजुभाईहरूले आफ्ना पुर्खाहरूको भूमी बलख (बाल्हिक, भल्लिक) तर्फ गए, जुन स्थान उत्तरापन्थ तर्फ थियो ।

यी दुबै दाजुभाईले बलख नजीक एक सानो नगर असितंजनमा जन्म लिएका थिए । त्यहाँ गएर नगरको प्रमुख द्वार नजिक एक भव्य स्तूप बनाए र त्यसमा आफूले लगेका भगवान् बुद्धको पवित्र केश धातुलाई ससम्मान प्रतिस्थापित गरे ।

यसरी तपुस्स र भल्लिक धन्य भए । किनभने उनीहरू त्यसबेलाको विशाल भारतको पूर्वी र पश्चिमी दुबै छिमेकी देशहरूमा भगवान् बुद्धको केश धातुको सर्वप्रथम स्तुप निर्माण गर्नको लागि सहायक बने ।

Downloaded from http://www.dhamma.digital